वायुप्रदूषण नियन्त्रणका लागि हरियाली... पृष्ठ ३ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ • अंक १०२ • २०८२ साल भाद्र १४ गते शनिबार (30 August, Saturday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## अनिश्चितकालका लागि प्रदेशसभा स्थगित

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशसभाको बैठक अनिश्चितकालका लागि स्थगित गरिएको छ ।

प्रदेशसभाका सचिव बासु प्रसाद कोइरालाले एक सूचना जारी गरी अर्को सूचना नभएसम्मका लागि स्थगित गरिएको जनाएका छन् ।

शुक्रबार छैटौं अधिवेशनको दोस्रो बैठकमा पनि प्रमुख प्रतिपक्षी दलहरुले प्रदेशसभामा विरोध गरेपछि बैठक स्थगित भएको छ ।

बैठक शुरु भएलगत्तै प्रतिपक्षी दलहरुले उठेर विरोध गरेपछि प्रदेशसभाको बैठक स्थगित गरिएको सभामुख रामचन्द्र मण्डलले जानकारी दिएका थिए ।

सो बैठकको क्रममा नेकपा (माओवादी केन्द्र) का सांसद जवाहरलाल कुशवाहाले बजेट असमान तथा बिचौलिया हावी भएको आरोप लगाउँदै बजेटमा अपारदर्शीता र व्यापक अनियमितता देखिएकाले विरोध गर्दै अवरोध गरेको बताए ।

उनले भने, 'बजेट ल्याउने प्रक्रियामा वित्तीय अनुशासन उल्लङ्घन भएको देखिन्छ,' उनले भने, 'त्यस कारण हामीले अर्थमन्त्रीको राजीनामा माग गरेका छौं । राजीनामा नआएसम्म हामी सदन चल्न दिँदैनौं ।'

सत्तारुढ नेपाली कांग्रेसका प्रमुख सचेतक कुमरकान्त झाले सरकार र अर्थमन्त्रीको बचाउ गर्दै प्रतिपक्षले वार्ता र संवादको माध्यमबाट खोज्नुको साटो अवरोध गर्नु गलत मनसाय रहेको आरोप लगाए । प्रतिपक्षले टेबलबाट समाधान गर्नै नखोजेको उनको भनाइ छ । सर्वदलीय बैठकमा छलफल गर्न उनले आग्रह पनि गरे ।

सरकारले प्रतिपक्षको उपस्थिति विना नै बजेट पारित गरेको थियो । प्रदेश सरकारले प्रदेशसभामा चार सय ६१ पृष्ठको मात्र रेडबुक प्रस्तुत गरी सात सय ५५ पृष्ठको रेडबुक पारित गरेको भन्दै प्रतिपक्षी दलले आपत्तिसमेत जनाएको थियो ।

यसको व्यापक विरोध गरेपछि सरकारले छानबिन समिति पनि गठन गरेको थियो । तर पछि कार्यदलले सात सय ५५ पृष्ठको रेडबुक भएको भेटिएको थियो । त्यही कारण प्रतिपक्ष दलले चार सय ६१ पृष्ठलाई मात्र मान्यता दिन र बाँकी पृष्ठको योजनालाई खारेज गर्न माग गर्दै आएका छन् ।

### मधेश केन्द्रित दलमा कलह

## मन्त्री फेर्न कांग्रेस दोधारमा, एमालेको मौनता

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश केन्द्रित लोकतान्त्रिक समाजवादी पार्टी नेपाल र अशोक राई नेतृत्वको जनता समाजवादी पार्टीले आ-आफ्ना पार्टीबाट बनेका मन्त्रीलाई फिर्ता बोलाएर अर्कोलाई मन्त्री पदको अवसर दिन भन्दै प्रधानमन्त्री केपी शर्मा ओलीसंग लामो समयसम्म संवाद गरे पनि काम लागेन । त्यसपछि यी दुई दलले ठूला पार्टीले आफूहरुको पार्टीभित्र खेल्न खोजेको भन्दै ओली नेतृत्वको सरकारलाई दिएको समर्थन नै फिर्ता लिने मनस्थितिमा बनाएका छन् ।

सत्तागठबन्धनका दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमालेबीचको सहकार्य करिब १४ महिना पुग्न लागेको छ । यस अवधिमा प्रधानमन्त्री ओलीले आफ्नो मन्त्रिपरिषद्मा मन्त्रीहरू हेरफेर गरेका छैनन् ।

मन्त्री स्वयम्कै कारण दुई मन्त्रालयको नेतृत्व भने फेरिएको छ । प्रधानमन्त्री ओलीसंग ट्यूनिङ नमिलेपछि तत्कालीन शिक्षामन्त्री विद्या भट्टराईले राजीनामा दिइन् भने उनको ठाउँ एमालेकै रघुजी पन्तले ल्याइएको छ ।

त्यस्तै घुस डिल प्रकरणमा मुछिएपछि सामान्य प्रशासनमन्त्रीबाट राजीनामा दिएका राजकुमार गुप्ताको ठाउँमा एमालेले भगवती न्यौपानेलाई जिम्मेवारी दिइएको छ । यसबाहेक अन्य मन्त्रीहरू भने प्रधानमन्त्री ओलीसँगै शपथ लिएकाहरू नै अहिलेसम्म छन् ।

विगतमा परम्परागत रुपमै एक वर्षपछि मन्त्रिमण्डल हेरफेर हुँदै आएको थियो । तर यसपटक भने प्रधानमन्त्री ओली मन्त्रिमण्डल हेरफेरका लागि आन्तरिक छलफलमा जुटे पनि सरकारलाई दुईतिहाइ पुऱ्याउन सघाएका अन्य साना दलहरूले पनि मन्त्री फेर्न खोजे पछि उनको मनसाय नै अधुरो हुन पुग्यो ।



प्रधानमन्त्री ओलीले मन्त्रिमण्डल हेरफेर गर्न खोजे पनि घटक दल कांग्रेसले नै नमानेपछि उनी ब्याक हुन पुगेको पनि चर्चा हुने गरेको छ । मन्त्रीहरू फेरिराख्दा अस्थिरता पैदा हुने, पार्टीभित्र पनि द्वन्द्व निम्तिने र मन्त्रालय सञ्चालन तथा सेवा प्रवाहमा असर पर्ने भएकाले आफूहरू मन्त्री फेर्ने पक्षमा नरहेको कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्माले बताए ।

कांग्रेसले मन्त्री फेर्न नमानेपछि एमालेले पनि तत्काललाई एमाले पनि मौनता साँध्न पुगेको छ । सरकार एक वर्ष पुगेपछि मन्त्रिपरिषद् हेरफेरका लागि भएको दुई दलका शीर्ष नेताहरूबीचको छलफलमा कांग्रेसले अहिलेकै मन्त्रीहरूलाई निरन्तरता दिने भनेपछि एमाले पनि तत्काललाई मन्त्री नफेर्ने निष्कर्षमा पुगेको छ ।

जसपा र लोसपा नेपालले वर्तमान सरकारको एक वर्ष पुगेसँगै मन्त्री फेर्न चाहेका थिए । उनीहरूले एक वर्षपछि पालैपालो गर्नेगरी नै आफ्ना सांसदहरूलाई सरकारमा पठाएका थिए ।

तर करिब १४ महिना बित्न लाग्दा पनि मन्त्री बन्ने रोलक्रममा रहेकाहरु मन्त्री बन्न नपाएपछि दलभित्रै द्वन्द्व सिर्जना गरिरहेका छन् ।

जसपाले खानेपानीमन्त्री प्रदीप यादव र महिला, बालबालिका तथा जेष्ठ नागरिकमन्त्री नवलकिशोर साहलाई फिर्ता बोलाएर वीरेन्द्र महतो र रञ्जु झालाई पठाउने तयारी गरेको छ । मन्त्री फेर्न जसपा अध्यक्ष राईले ५ पटक प्रधानमन्त्रीलाई पत्राचार गरिसकेका छन् ।

महतोलाई खानेपानी र झालाई महिला, बालबालिकामन्त्री बनाउने गरी नाम प्रधानमन्त्री कार्यालय पुगिसकेको जनाएको छ ।

त्यस्तै लोसपा नेपालले पनि आफ्नो मन्त्री परिवर्तन गर्न आग्रह गर्दै पत्र लेखिसकेको छ । अहिले लोसपाबाट शरत्सिंह भण्डारी श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री छन् । अध्यक्ष ठाकुले नयाँ मन्त्रीका रूपमा पार्टीका वरिष्ठ सह-अध्यक्ष सर्वेन्द्रनाथ शुक्ललाई पठाउने जानकारी प्रधानमन्त्री ओलीलाई गराइसकेका छन् ।

लोसपा नेताहरूका अनुसार वर्तमान सरकार गठन हुँदा एक वर्षपछि मन्त्रालय छाड्ने सहमतिमा नै भण्डारीलाई सरकारमा पठाइएको थियो ।

तर तत्काल जसपा र लोसपाले भनेजस्तो सहजै मन्त्रिपरिषद् फेरबदलको सम्भावना नदेखेपछि मधेश केन्द्रित दलहरुमा असन्तुष्टि देखिन थालेको छ ।

नागरिक उन्मुक्ति पार्टी (नाउपा) बाट राज्यमन्त्री अरुण चौधरीले राजीनामा दिए पनि स्वीकृत भएको छैन । सरकारलाई दिएको समर्थन फिर्ता लिने र कायम राख्ने आन्तरिक किचलोमा रुमल्लिरहेको नाउपाका राज्यमन्त्री अरुण चौधरीको राजीनामा हालसम्म स्वीकृति भएको छैन ।

ओली नेतृत्वको सरकारमा नेपाली कांग्रेस, नेकपा (एमाले) सहित अशोक राई नेतृत्वको जसपा, डा. सीके राउत नेतृत्वको जनमत पार्टी, रञ्जिता श्रेष्ठ नेतृत्वको नागरिक उन्मुक्ति पार्टी (नाउपा), महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल पनि सहभागी रहेको छ । जनमतले सरकारलाई समर्थन गरे पनि संघीय सरकारमा सहभागी नभए पनि जनमतले मधेश प्रदेशमा मुख्यमन्त्री पाएको छ ।

उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल (जसपा)ले सरकारलाई दिएको समर्थन फिर्ता लिइसकेको छ ।






# समानुपातिक समावेशी निर्वाचन प्रणालीका पक्षमा जनमत सिर्जना गर्नुपर्ने: सञ्चारमन्त्री

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले समानुपातिक समावेशी निर्वाचन प्रणालीमा जनमत सिर्जना गर्नुपर्ने बेला आएको बताउनुभएको छ ।



आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानद्वारा शुक्रबार आयोजित पुस्तक लोकार्पण समारोहलाईसम्बोधनगर्दैमन्त्रीगुरुङले समानुपातिक समावेशी निर्वाचन प्रणाली हटाइयो भने संविधानको मूल मर्म नै मर्ने हुँदा यसका पक्षमा जनमत सिर्जना गर्नुपर्नेमा जोड दिनुभयो ।

नेपाल सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री गुरुङका अनुसार पछिल्लो समय समावेशी र समानुतापतिक प्रणालीलाई नेताहरुले नै कमजोर बनाउन लागेकाले त्यसको बचाउ गर्न सम्बद्ध पक्ष एक हुनुपर्ने बताउनुभयो । “कतिपय नेताहरुकै बुझाइमा राजनीतिक स्थायित्व नहुनुमा समावेशी प्रणाली बाधक हो भन्ने छ”, उहाँले भन्नुभयो, “जुन तर्कसङ्गत छैन । स्थिर सरकारको बाधक समावेशी पक्ष होइन, बरु नेताहरुको कार्यशैलीमा सुधार ल्याउन आवश्यक छ।”

लामो समयसम्म गरिएको सङ्घर्ष र त्यागपछि मुलुककमा सङ्घीय शासन प्रणाली कायम भएको उल्लेख गर्दै सरकार निर्माणका क्रममा अझै पनि समावेशी प्रणाली लागू हुन नसकेको उहाँले बताउनुभयो । आदिवासी जनजातिको ‘मुभमेन्ट’ सामाजिक र सांस्कृतिक क्षेत्रमा मात्रै केन्द्रित भएको बताउँदै उहाँले अब राजनीतिक र आर्थिक गतिविधिलाई पनि जोड दिनुपर्ने धारणा राख्नुभयो । मन्त्री गुरुङले सङ्घीयता आएपछि सीमान्तकृत समुदायले के-कस्ता उपलब्धि हासिल गरे भन्ने विषयमा तथ्यतथ्याङ्कसहित अध्ययन गर्न सुझाव दिनुभयो ।

कार्यक्रममा प्रतिष्ठानका उपाध्यक्ष रेशम गुरुङले आदिवासी जनजातिका विषयमा राज्य संवेदनशील नभएको गुनासो गर्दै आदिवासी, जनजातिको हकअधिकार सुरक्षित एवं सुनिश्चित गर्न आवश्यक अध्ययन, अनुसन्धान, छलफल, पैरवी गरी अझ प्रभावकारी र सुदृढ संस्थाका विकास गर्न सक्दो प्रयास भइरहेको जानकारी दिनुभयो ।

आदिवासी जनजाति विषयसँग सम्बन्धित विभिन्न पुस्तक सार्वजनिक गरिएको सो कार्यक्रममा प्राडा कृष्ण हाछेथु, प्राडा योगेन्द्र गुरुङलगायतले आदिवासी जनजातिको अवस्था र पहिचानबारे विश्लेषणात्मक विचार राख्नुभएको थियो ।रासस

# लागूऔषध गाँजासहित एकजना पक्राउ



**टुडे समाचारदाता**

मलंगवा । सर्लाही प्रहरीले लागूऔषध गाँजा २५ किलोसहित एकजना युवकलाई पक्राउ गरेको छ ।

जिल्लाको लालबन्दी नगरपालिका-८ स्थित खतिवडा चोकबाट सर्लाही प्रहरीले २० वर्षीय सन्ते ब्लोनलाई पक्राउ गरेको छ ।

लालबन्दी नगरपालिका-१४ स्थित नारायणखोला कामीटार बस्ने ब्लोनसहित मोटरसाइकल र झोला प्रहरीले नियन्त्रणमा लिएको इलाका प्रहरी कार्यालय लालबन्दीका प्रहरी निरीक्षक वीरेन्द्रसिंह जोहारीले जानकारी दिए ।

उनले नारायणखोलाबाट पत्थरकोट हुँदै लालबन्दीतर्फ आउँदै गरेको बागमती प्रदेश ०२-०४२ प ४०५३ नम्वरको मोटरसाइकललाई रोक्न खोज्दा मोटरसाइकलमा सवार दुई युवक भाग्न खोजेपछी प्रहरीले पछ्याउँदै गएको बताए ।

मोटरसाइकल र साथमा भएको झोला छाडेर खेतैखेत भागेका युवकमध्ये कामीटारका ब्लोनलाई पछ्याउँदै जाँदा पक्राउ गर्न सफल भएको र अर्को युवक फरार भएको उनले बताए ।

प्रहरीलाई देखेपछि युवकहरुले फालेको झोला भित्रबाट पाँचवटा पोकामा रहेका २५ किलोग्राम गाँजा बरामद भएको उनले बताए। यस विषयमा आवश्यक अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय लालबन्दीले जनाएको छ ।

# नेपाल सर्प महोत्सव हुने

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा यही असोज २ र ३ गते नेपाल सर्प महोत्सव-२०२५ आयोजना हुने भएको छ ।



मिथिला वाइल्डलाइफ ट्रष्ट र सेभ द लाइभ्सको संयुक्त पहलमा हुने महोत्सव मिथिला बिहारी नगरपालिका-२ स्थित पुरनदाहामा हुने भएको छ ।

मिथिला वाइल्डलाइफ ट्रष्टका अध्यक्ष देव नारायण मण्डलले सर्पको जैविक, धार्मिक, सामाजिक र पारिस्थितिक महत्वबारे जनचेतना फैलाउने उद्देश्यले आयोजना गर्न लागेको जानकारी दिए ।


यसपटक आयोजना हुन लागेको महोत्सवमा स्थानीय समुदाय, विद्यार्थी, वैज्ञानिक, वातावरणविद्, कलाकार तथा सरोकारवाला निकायहरूको व्यापक सहभागिता रहने उनको भनाइ छ । महोत्सवमा सर्प र मानवबीचको सहअस्तित्व, संरक्षणमार्फत भविष्य सुरक्षित गर्ने उपाय तथा सर्पसम्बन्धी विभिन्न मिथक र भ्रमबारे वैज्ञानिक तथ्यहरू प्रस्तुत गरिने उनले बताए । यसका साथै, सर्प संरक्षणसँग सम्बन्धित प्रदर्शनी, छलफल, अन्तर्क्रिया तथा सांस्कृतिक कार्यक्रमसमेत आयोजना गरिने अध्यक्ष मण्डलले बताए ।

उनले मधेश प्रदेशमा सर्पदंशका कारण हरेक वर्ष ठूलो संख्यामा मानिस प्रभावित हुने तथ्यांक रहेकाले महोत्सव समुदायमा जागरण ल्याउन महत्वपूर्ण हुने बताए । अध्यक्ष मण्डलले भने, ‘सर्प प्रकृतिको महत्वपूर्ण हिस्सा हुन् । तिनीहरूको संरक्षणले वातावरणीय सन्तुलन कायम गर्न ठूलो भूमिका खेल्छ ।’

‘सर्पको महत्व बुझौं, सह-अस्तित्वलाई सम्मान गरौं, संरक्षणमार्फत भविष्य सुरक्षित गरौं’ भन्ने मूलनाराका साथ आयोजना हुने यस नेपाल सर्प महोत्सवमा सहभागी हुन अपील समेत उनले गरे ।

# प्रधानमन्त्री ओलीद्वारा आसन्न चीन भ्रमणबारे सदनलाई जानकारी

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले मित्रराष्ट्र चीनको तियान्जिन सहरमा आयोजना हुने शाङ्घाई सहयोग सङ्गठन (एससिओ) को शिखर सम्मेलनमा भाग लिन जनवादी गणतन्त्र चीनको आफ्नो आसन्न भ्रमणबारे शुक्रबार प्रतिनिधिसभाको बैठकमा जानकारी गराउनुभएको छ ।



उहाँले यस भ्रमणबाट नेपाल र जनवादी गणतन्त्र चीनबीचको द्विपक्षीय सम्बन्धलाई थप सुदृढ र मैत्रीपूर्ण बनाउन सहयोग पुग्ने बताउनुभयो । प्रधानमन्त्री ओलीले ‘एससिओ’ शिखर सम्मेलनमा आफ्नो सहभागिताले अन्तरराष्ट्रिय मञ्चमा समसामयिक विषयमा नेपालको अवधारणा एवं प्राथमिकताको प्रस्तुतिबाट नेपालको छवि र प्रतिष्ठा अभिवृद्धि हुने विश्वास व्यक्त गर्नुभयो ।

मित्रराष्ट्र चीनका राष्ट्रपति सी चिनफिङको मैत्रीपूर्ण निमन्त्रणामा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै प्रधानमन्त्री ओली यही भदौ १४ देखि १८ (तदनुसार अगष्ट ३० देखि सेप्टेम्बर ३) सम्म चीनको पाँचदिने भ्रमणमा जाँदै हुनुहुन्छ ।

नेपालले सो सङ्गठनमा देशको सहभागिताको स्तर अभिवृद्धि गर्दै समसामयिक क्षेत्रीय र अन्तरराष्ट्रिय मामिलामा आफ्नो दृष्टिकोण र प्राथमिकता स्पष्ट रुपमा उजागर गरी अत्यधिक लाभ हासिल गर्न भ्रमण केन्द्रित हुने प्रधानमन्त्री ओलीले स्पष्ट गर्नुभयो । नेपाल सन् २०१६ देखि सो सङ्गठनको संवाद साझेदार रहँदै आएको छ ।

भ्रमणका क्रममा चीनका राष्ट्रपति सीसँग प्रधानमन्त्री ओलीको दुईपक्षीय भेट हुने कार्यक्रम छ । यसैगरी, चीनका उपराष्ट्रपति हान चङ्गसँग पनि उहाँको भेट हुनेछ । यसैगरी चीनका राष्ट्रपति र उपराष्ट्रपतिले दिने छुट्टाछुट्टै रात्रिभोजमा समेत नेपाली प्रतिनिधिमण्डल सहभागी हुनुहुने छ ।

प्रधानमन्त्री ओलीले प्रतिनिधिसभाको बैठकलाई सम्बोधन गर्नुहुँदै यही भदौ १६ गते तियान्जिनमा हुने ‘एससिओ प्लस’ शिखर सम्मेलनमा नेपाली प्रतिनिधि मण्डलको नेतृत्व गर्दै सम्बोधन गर्ने जानकारी दिनुभयो ।

शिखर सम्मेलनका क्रममा विभिन्न मित्रराष्ट्रहरूका राष्ट्र तथा सरकार प्रमुखहरूसँग प्रधानमन्त्री ओलीले द्विपक्षीय भेटवार्ता गर्ने कार्यतालिका रहेको छ । ती भेटघाटमा नेपाल र ती मुलुकबीचका द्विपक्षीय एवं अन्य प्राथमिकताका विषयमा छलफल हुने प्रधानमन्त्री ओलीले सदनलाई अवगत गराउनुभयो ।

हालसम्म रूसी महासङ्घका राष्ट्रपति भ्लादिमीर पुटिन, गणतन्त्र माल्दिभ्सका राष्ट्रपति डा मोहमद मिज्जु, कम्बोडिया अधिराज्यका प्रधानमन्त्री डा सोमदेक मोहा बोरभोर तिपाहदे हुन महानेट, लाओ जनप्रजातान्त्रिक गणतन्त्रका प्रधानमन्त्री सोनेसाइ सिपानडोन तथा समाजवादी गणतन्त्र भियतनामका प्रधानमन्त्री फाम मिन चिङसँग छुट्टाछुट्टै भेटवार्ता तय उहाँले जानकारी दिनुभयो ।

भ्रमण दलमा प्रधानमन्त्री ओलीका धर्मपत्नी राधिका शाक्य, पूर्वउपप्रधानमन्त्री एवं प्रतिनिधिसभा सदस्य पूर्णबहादुर खड्का, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्त, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे, पूर्वमन्त्री एवं प्रधानमन्त्रीको आर्थिक तथा विकास सल्लाहकार डा युवराज खतिवडा, पूर्वमन्त्री एवं प्रतिनिधिसभाका सदस्य छविलाल विश्वकर्मा र नेपाल सरकारका उच्चपदस्थ कर्मचारी सहभागी हुनुहुनेछ ।

सन् २००१ मा स्थापना गरिएको एससिओ सङ्गठन विश्वकै सबैभन्दा ठूलो क्षेत्रीय सङ्गठनमध्ये एकका रूपमा विकसित भइसकेको छ ।

चीन, रूस, भारत, पाकिस्तान, काजकिस्तान, कीर्गिस्तान, ताजिकिस्तान, उज्वेकिस्तान, इरान र बेलारुस यसका पूर्ण सदस्य राष्ट्रहरू हुन् । अफगानिस्तान र मङ्गोलिया पर्यवेक्षक राष्ट्रहरू हुन् । नेपालसहित टर्की, श्रीलङ्का, अजरवैजान, आर्मेनिया, कम्बोडिया, इजिप्ट, कतार, साउदी अरेबिया, कुवेत, मालदिभ्स, म्यानमार, बहराइन र संयुक्त अरब इमिरेट्स सङ्गठनका संवाद साझेदारहरू (डायलग पार्टनर) हुन् ।रासस

# लिपुलेकबाट व्यापारिक नाका खोल्ने भारत–चीनको सहमतिप्रति सांसदहरुको आपत्ति

काठमाण्डु । राष्ट्रियसभाका सांसदहरूले नेपाली भूमि लिपुलेक क्षेत्रबाट व्यापारिक नाका खोल्नेगरी छिमेकी मुलुक चीन र भारतबीच भएको सहमतिप्रति आपत्ति जनाउँदै यो विवादको समाधानका लागि गम्भीर भएर कूटनीतिक पहल थाल्न सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

छिमेकी देश चीन र भारततर्फ निकट भविष्यमा हुन गइरहेको प्रधानमन्त्रीको औपचारिक भ्रमणका क्रममा सीमा विवादको विषयलाई त्रिपक्षीय सहमतिबाट टुङ्ग्याउने गरी पहल थाल्नुपर्ने सुझाव उहाँहरूले दिनुभएको छ।

त्यस्तै, नेपाली भूमि लिपुलेक, लिम्पियाधुरा र कालापानी मुलुकको सार्वभौमिकता र अखण्डतासँग जोडिएको विषय भएकाले यसमा राष्ट्रिय सहमतिका लागि सर्वदलीय बैठक बोलाएर सुझाव लिनुपर्ने धारणा राख्दै उहाँहरूले सवारीसाधनमा ‘इम्बोस्ड नम्बर प्लेट’ जडान गर्दा देवनागरिक लिपि उल्लेख गर्न सरकारको ध्यानाकर्षण गर्नुभयो ।



राष्ट्रियसभाको शुक्रबारको बैठकको विशेष समयमा भाग लिनुहुँदै नेपाली कांग्रेसका सांसद पदमबहादुर परियारले प्रधानमन्त्रीको चीन भ्रमणका क्रममा लिपुलेक, लिम्पियाधुरा र कालापानी सीमा विवादको विषयलाई गम्भीर रुपमा उठाइनुपर्ने धारणा व्यक्त गर्नुभयो । नेपालले यस विषयमा चीन र भारत दुवै मुलुकलाई एकै ठाउँमा राखेर समस्याका समाधान खोजिनुपर्ने उहाँको भनाइ छ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सांसद सुरेशकुमार आलेमगरले भारत र चीनले नेपालको भूमि लिपुलेक हुँदै व्यापार गर्ने कुरामा नेपालको विमति रहेको बताउनुभयो । छिमेकी देशहरूले नेपालको भूमिसँग सम्बन्धित विषयमा सहमति गर्नेक्रममा नेपाललाई बेवास्ता गरेकामा आपत्ति व्यक्त गर्दै कूटनीतिक प्रक्रियाबाट समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गर्नुभयो।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का सांसद मदनकुमारी शाह (गरिमा)ले प्रधानमन्त्रीको औपचारिक चीन भ्रमणबारे राष्ट्रियसभालाई जानकारी नगराइएकोप्रति गुनासो गर्नुभयो । प्रधानमन्त्री चीन भ्रणबाट फर्केर आएपछि भ्रमणका क्रममा भएका उपलब्धिका विषयबारे जानकारी गराउनुपर्ने उहाँको माग छ ।

अर्का सांसद वामदेव गौतमले प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न चीन र भारत भ्रमणका क्रममा सीमा विवादको विषयलाई गम्भीर रुपमा उठाइनुपर्ने र सीमा विवादसम्बन्धी समस्या दिगो रुपमा समाधान गर्न सरकारले तत्पराता देखाउनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सांसद गङ्गाकुमारी वेल्वासेले नेपालप्रति भारतले हेपाहा व्यवहार देखाउने गरेको टिप्पणी गर्दै नेपाल र भारतबीच नागरिकस्तरमा बलियो सम्बन्ध स्थापित रहे पनि विभिन्न कालखण्डमा भएका असमान सन्धिका कारण समस्या सिर्जना भएकाले त्यसलाई सच्याउन पहल गर्नुपर्नेमा जोड दिनुभयो ।

नेपाली कांग्रेसका सांसद विष्णुदेवी पुडासैनीले छोराछोरीको कमाइबाट निश्चित प्रतिशत रकम ज्येष्ठ नागरिकका लागि छुट्याउने कानुन बनाउन आवश्यक रहेको बताउनुभयो । ज्येष्ठ नागरिकको रेखदेख तथा स्याहारसुसार गर्ने दायित्व राज्यको समेत भएको उल्लेख गर्दै उहाँले त्यससम्बन्धी समस्या सम्बोधन गर्नेगरी कानुन निर्माण गरिनुपर्नेमा जोड दिनुभयो ।

जनता समाजवादी पार्टी नेपालका सांसद मृगेन्द्रकुमार सिंह यादवले किसानका समस्या समाधानका लागि सरकार जिम्मेवार हुन नसकेको बताउनुभयो । अहिले अनुदान घटाएको विषयमा उखु किसान माइतीघर मण्डलामा आन्दोलनरत रहेको, दुग्ध किसानको बक्यौता बाँकी रहेको, बीउ तथा मलखाद समयमा पाउन नसकेको उल्लेख गर्दै ती समस्या समाधानका लागि तत्काल पहल गर्न अनुरोध गर्नुभयो । त्यस्तै, चुरे दोहन र जङ्गल विनाश रोक्नका लागि पनि उहाँले सरकारको ध्यानाकर्षण गराउनुभयो ।

विशेष समयमा भाग लिँदै सांसद सुमीत्रा बिसीले पछिल्लो समय महिला हिंसाका घटना बढेको उल्लेख गर्नुहुँदै विभेद र हिंसा न्यूनीकरणका लागि अभियान थाल्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

**उखु किसानको अनुदान बढाउन सांसदहरुद्वारा माग**

काठमाण्डु । राष्ट्रियसभाको शुक्रबारको बैठकमा सांसदहरुले उखु किसानलाई दिइँदै आएको अनुदान बढाउन माग गर्नुभएको छ । उखु किसानलाई दिइँदै आएको अनुदान कटौती भएको विषयमा उहाँहरुले ध्यानाकर्षण गराउनुभएको हो ।

शुक्रबारको बैठकको शून्य समयमा सांसद गङ्गाकुमारी बेल्वासेले उखु किसानलाई विगतमा दिइँदै आएको अनुदानलाई निरन्तरता दिनुपर्ने बताउनुभयो । सांसद गोपाल भट्टराईले बाढी र पहिरोका कारण अवरुद्ध छिमेकी मुलुक चीनसँगको तातोपानी र रसुवागढी नाका चाँडो सञ्चालनमा ल्याउन पहल गर्न सरकारसँग माग गर्नुभयो । उहाँले कोरला नाका सञ्चालनमा ल्याउन समेत सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद जगप्रसाद शर्माले सत्यनिरुपण तथा बेपत्ता व्यक्तिको छानबिनका लागि कानुन बनेको एक वर्ष भइसकेको अवस्थामा के कस्ता कार्य प्रगति भए भनेर जानकारी दिन माग गर्नुभयो । सांसद तुलसाकुमारी दाहालले पछिल्लो समय महिला हिंसाका घटना बढ्दै गएको विषय उठाउनुभयो । महिलाप्रतिको विभेद र हिंसाका घटनामा कमी ल्याउन सम्बन्धित निकायले पहल गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

सांसद मायाप्रसाद शर्माले सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जडान गर्न चर्को शुल्क तोकिएको गुनासो गर्नुभयो । नेपाली अक्षरको सवारी नम्बर प्लेट राख्न आवश्यक रहेको उहाँको भनाइ थियो । सांसद शारदादेवी भट्टले वर्षायामसँगै डेङ्गी, मलेरिया, हैजालगायतका महामारीको जोखिम बढेको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद सुमित्रा विसीले नेपालको भूमि लिपुलेक नाकाबाट भारत र चीनले व्यापारिक नाका खोल्ने गरी सहमति गरेका विषयमा सरकारले यस विषयलाई कूटनीतिक ढङ्गले समाधान गर्नुपर्ने धारणा राख्नुभयो ।

राष्ट्रियसभाको शुक्रबारको बैठकमा अर्थ मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्नको उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले जवाफ दिनुहुने कार्यसूची छ । त्यस्तै, विधायन व्यवस्थापन समितिका सभापति तुलसाकुमारी दाहालले ‘राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक, २०८१ सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदन सभामा पेस गर्नुहुनेछ ।

राष्ट्रियसभाका सचिव डा सुरेन्द्र अर्यालले ‘वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८१’ का सम्बन्धमा प्रतिनिधिसभाबाट प्राप्त सन्देश सभासमक्ष टेबुल गर्नुहुने’ कार्यसूची आजका लागि तय भएको छ । रासस


## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | लगानीगरेकोकामबाटराम्रोलाभहुनेछ। |
| वृष : | आज गरेको लगानीबाट नोक्सानी हुन सक्छ । |
| मिथुन : | व्यापारमा सबै प्रकारले लाभ मिल्नेछ। |
| कर्कट : | अरु काम तपाईले सोचेअनुसार सफल हुनेछन् । |
| सिंह : | स्वास्थ्य भरपर्दो रहने छैन। गर्न खोजेका जुनसुकै कार्यमा बाधा रहेका छन् । |
| कन्या : | मानसिक चिन्ता थप्नेछ। नबोलाएको ठाउँमा नजानु होला । |
| तुला : | आशा नै नरहेको ठाउँबाट धन प्राप्त हुन सक्नेछ । |
| वृश्चिक : | मनमा एकप्रकारको ढुक्कपन रहने, दौडधुप त्यति गर्नुपर्ने छैन । |
| धनु : | आफन्तबाटै बद्नाम तथा अपमानको सम्भावना छ । |
| मकर : | धार्मिक एवं सामाजिक कार्यमा प्रशंसा मिल्नेछ । |
| कुम्भ: | विशेषगरी आज कार्यमा ठुलो सफलता मिल्ने देखिन्छ । |
| मीन : | आफूले सोचेका काममा भने जस्तो सफलता पाइने छेन । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सडक किनारको नालीमा जाल थापेर माछा मार्दै स्थानीय। *तस्बिर : रासस*

# अकुत सम्पत्ति आर्जन गरेको अभियोगमा मुद्दा दायर

काठमाण्डु । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गैरकानुनी रूपमा सार्वजनिक जग्गा व्यक्तिका नाममा दर्ता गरी अकुत सम्पत्ति आर्जन गरेको अभियोगमा नापी कार्यालय भैरहवा रूपन्देहीका कार्यरत नापी अधिकृत सुग्रीव यादवविरुद्ध आज विशेष अदालतमा मुद्दा दायर गरेको छ।



राजनीतिक व्यक्ति र माथिल्लो विभागीय प्रमुखलाई प्रभावमा पारेर नापी अधिकृत प्रमुख रहने दरबन्दी रिक्त बनाई वर्षौंसम्म निमित्त कार्यालय प्रमुखका रूपमा रही यादवले गैरकानुनी रूपमा सम्पत्ति आर्जन गरेको आयोगले ठहर गरेको छ। आयोगले यादव सार्वजनिक पदमा प्रवेश गरेको २०५३ असार १३ गतेदेखि २०८१ असार १६ गतेसम्मको अवधिको परीक्षण गरेको थियो। सो अवधिमा यादवले विभिन्न आयमार्फत रु नौ करोड तीन लाख ९५ हजार ४४४ वैध सम्पत्ति आर्जन गरेको देखिएको छ। सो अवधिमा यादवले रु १४ करोड ८३ लाख ५७ हजार ८८४ बराबरको खर्च तथा लगानी गरेको देखिन आएको छ। वैध आय र खर्चबीचको रु पाँच करोड ७९ लाख ६२ हजार ४४० बराबरको सम्पत्तिको स्रोत खुल्न नसकेको आयोगको ठहर छ।

आयोगले रु पाँच करोड ७९ ६२ हजार ४४० बराबरको बिगो दाबी गर्दै आज विशेष अदालतमा मुद्दा दायर गरेको छ। गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्ति यादवले श्रीमती गायत्री यादव, छोराहरु सुधान्सु यादव र शुभम यादवका नाममा राखेको पाइएको आयोगले दाबी गरेको छ। आयोगले उनीहरूविरुद्ध पनि प्रतिवादी कायम गर्दै मुद्दा दायर गरिएको सहायक प्रवक्ता गणेशबहादुर अधिकारीले जानकारी दिनुभयो।रासस

# रामुपा धनुषा विस्तार




**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय मुक्ति पार्टी नेपाल धनुषा जिल्ला समितिको विस्तारित बैठक सम्पन्न भएको छ।

जनकपुरधाममा शुक्रबार रामुपा धनुषाका जिल्ला अध्यक्ष राजेश चौधरी 'राजु'को अध्यक्षतामा सम्पन्न भएको बैठकबाट विस्तार गर्दै ५१ सदस्यीय समिति बनाइएको छ।

त्यस्तै युवा समितिको जिल्ला संयोजकमा किसन साहलाई मनोनयन गर्दै एक साताभित्र जिल्लाको पदाधिकारीलाई पूर्णता दिने निर्णय गरिएको जनाइएको छ।

केन्द्रीय उपाध्यक्ष डा. राजीव झाले स्वदेशवादलाई वैकल्पिक राजनीतिक विचारधारा बनाउनुपर्नेमा जोड दिए।

पार्टीका प्रवक्ता रमण पाण्डे, अनुशासन समितिका अध्यक्ष संजय सिंह, केन्द्रीय सचिव संजय चौधरी, विजय यादव, राम जीवन साह, जिसस धनुषाका पूर्वउपसभापति दीपक झाले पार्टीको राजनीति र आगामी दिशाबारे बोलेका थिए।

# 'मानव सेवा आश्रमलाई विस्तार गर्न सरकारले पूर्ण सहयोग गर्ने'

बागमती। बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले मानव सेवा आश्रमलाई बागमती प्रदेशको सबै जिल्लामा विस्तार गर्न सरकारले पूर्ण सहयोग गर्ने बताउनुभएको छ।

मानव सेवा आश्रम हेटौँडाको १३औँ वार्षिक साधारणसभालाई शुक्रबार सम्बोधन गर्दै उहाँले सडक-आश्रित, बेसाहारा तथा असहाय मानवको उद्धार र संरक्षणमा मानव सेवा आश्रमको कार्य उत्कृष्ट रहेकाले यसलाई प्रदेशको १३ वटै जिल्लामा विस्तार गर्न प्रदेश सरकार



पूर्णरुपमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

मानव सेवा आश्रमको सेवा सबै जिल्लामा विस्तार गर्ने अभियानमा प्रदेश सरकार साझेदार बन्ने बताउँदै उहाँले आवश्यकता अनुसार मानव सेवा आश्रमको भवन तथा भौतिक संरचना निर्माणका लागि सहयोग गर्न प्रदेश सरकार तत्पर रहेको बताउनुभयो।

प्रदेशका सबै जिल्लामा सडक आश्रित बेसहारा मानवहरुको व्यवस्थापन गरी बागमती प्रदेशलाई 'मानवताको प्रदेश' घोषणा गर्ने प्रदेश सरकारको चाहना रहेको बताउँदै मुख्यमन्त्री बानियाँले समाजलाई कसरी राम्रो बनाउने र टुटेका मनलाई कसरी जोड्ने भन्नेमा सबैले चिन्तन गर्नुपर्ने बताउनुभयो। रासस

## प्रतिनिधिसभा बैठकः

# सीमा विवादबारे सरकारको ध्यानाकर्षण


काठमाण्डु । सङ्घीय संसद् प्रतिनिधिसभाको शुक्रबारको बैठकमा सांसदहरुले सीमा विवादबारे सरकारको ध्यानाकर्षण गराउनुभएको छ। उहाहरुले लिपुलेक मार्ग प्रयोग गर्न भारत र चीनबीच भएको सम्झौता गलत रहेको उल्लेख गर्दै यस विषयमा कूटनीतिक संवाद गर्न सरकारसँग आग्रह गर्नुभयो।

शून्य समयमा आफ्ना धारणा राख्दै सांसदहरुले एक हप्तादेखि आन्दोलनरत उखु किसानहरुको माग जायज रहेको र सम्बोधन गर्न सरकारसँग माग गर्नुभयो। उहाँहरुले आन्दोलनरत उखु किसानहरुले पाउँदै आएको अनुदान र बाँकी बक्यौता रकम तत्काल भुक्तानी गर्न शीघ्र पहल गर्नुपर्नेमा जोड दिनुभयो। सांसद महिन्द्रकुमार रायले किसानको जायज माग सम्बोधन गर्न र बाँकी बक्यौता रकम दिन माग गर्नुभयो। उहाँले मधेस क्षेत्रमा अझै पनि खानेपानीको सुविधा पुग्न नसकेको बताउनुभयो।

सांसदहरु लीलानाथ श्रेष्ठ, रुपा शोशी चौधरी, लेखनाथ दाहाल, राजकिशोर यादव, मीना तामाङ, रेखा यादव, रामशङ्कर यादव र रामकृष्ण यादवले उखु किसानका माग यथोचित रहेकाले यथाशीघ्र सम्बोधन गर्नुपर्ने बताउनुभयो। उहाँहरुले मलखाद किसानलाई उपलब्ध हुन नसकेको र पाए पनि विचौलियामार्फत किन्नुपर्ने बाध्यता रहेको बताउनुभयो।

सांसद राजकिशोर यादवले प्रश्न गर्नुभयो, "अन्नदाता नै अपमानित हुनुपर्ने ? श्रमको उचित मूल्य पाउन पनि आन्दोलन गर्नुपर्ने ? यस्ता नीतिबाट हामी कहाँ जाँदैछौँ ?" सांसद रामहरि खतिवडाले सार्वजनिक बिदा दिनेमा नेपाल पहिलो नम्बरमा परेको भन्दै बिदालाई कटौती गर्नुपर्ने र सवारीसाधनमा इम्बोस्ड नम्बर राम्ररी अध्ययन गरेरमात्र लाग्नुपर्ने बताउनुभयो। सांसदहरुले सरकारले नेपालको सार्वभौमिकता र सीमा सुरक्षामा कडाइ अपनाउन पहल गर्नुपर्ने धारणा राख्नुभयो।

सांसद महेश बस्नेतले नेपालको भूभाग लिपुलेक, कालापानी र लिम्पियाधुरा क्षेत्रलाई नेपालको सहमति बिना नै



छिमेकी राष्ट्र भारत र चीनले व्यापारिक केन्द्र बनाउने सहमति आपत्तिजनक रहेको बताउनुभयो। सांसद राजेन्द्रकुमार केसीले प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न चीन भ्रमणका क्रममा उक्त सम्झौताबारे छलफल गर्न र छलफल फलदायी बनाउनुपर्ने बताउनुभयो।

सांसद महेशकुमार बर्तौलाले बजारमा बिक्रीका लागि राखिएका विभिन्न खाद्य पदार्थमा अत्यधिकमात्रामा रासायनिक र विषादी प्रयोगले स्वास्थ्यमा असर पारिरहेको भन्दै स्वास्थ्यसँग जोडिएका विषयमा प्रभावकारी नियमन र कारबाही गर्नुपर्ने माग गर्नुभयो। सांसद माधव सापकोटाले तातोपानी नाका पुग्नका लागि अरनिको राजमार्ग अवरुद्ध हुँदा चाडपर्वको मुखमा बजारको भाउ बढ्नसक्ने भन्दै मार्ग खुलाउन पहल गर्नुपर्ने बताउनुभयो।

सांसद मेनकाकुमारी पोखरेलले छाउगोठ भत्काएर मात्र समाधान नहुने र यसका लागि सचेतना अभियान नै सञ्चालन गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो। सांसद रेखा शर्माले दाङको घोरोहीदेखि प्यूठान जोड्ने सडक जीर्ण रहेकाले सो सडक स्तरोन्नति गर्न माग गर्नुभयो। सांसदहरु भीमप्रसाद आचार्य, मेटमणि चौधरी, बिजुला रायमाझी, राजेन्द्र बजगाईं, रणेन्द्र बराली, राजेन्द्रकुमार राई, रुक्मीणी राना बराइली, मङ्गलप्रसाद गुप्ता, रणकुमारी बलमपाकी मगर र रमा कोइराला पौड्यालले समसामियक विषयमा आफ्ना धारणा राख्नुभयो।

### उखु किसानका माग समयमै पूरा गर्न आग्रह

सांसदहरुले माइतीघरमा आन्दोलनरत उखु किसानका माग समयमै पूरा गर्न सरकारसँग आग्रह गर्नुभएको छ। प्रतिनिधिसभाको आकस्मिक समयमा बोल्दै उहाँहरुले उखु किसानको मनोबल वृद्धि गर्न उनीहरुको माग पूरा गर्नुपर्ने र वार्ताको वातावरण तय गर्नुपर्नेमा जोड दिनुभएको हो।

सांसद गणेश पराजुलीले उखु किसानका माग समयमै सम्बोधन गर्न आग्रह गर्नुभयो। उहाँले लिम्पियाधुरा नेपालकै रहेको प्रमाण रहेको उल्लेख गर्दै लिपुलेक मार्ग प्रयोग गर्न भारत र चीनबीच भएको सम्झौता गलत रहेको बताउनुभयो। उहाँले यस विषयमा कूटनीतिक संवाद गर्न सरकारसँग आग्रह गर्नुभयो।

सांसद ज्ञानबहादुर शाहीले लिपुलेक र लिम्पियाधुराको विषयमा संयुक्त राष्ट्रसङ्घमा कुरा उठाउनुपर्ने बताउनुभयो। उहाँले उखु किसानको अनुदान घटाइएको भन्दै उनीहरुको माग समयमै सम्बोधन गर्न आग्रह गर्नुभयो। सांसद नारायणप्रसाद साउदले पनि उखु किसान अन्यायमा परेको भन्दै उनीहरुको बक्यौता रकम समयमै उपलब्ध गराउनुपर्नेमा जोड दिनुभयो।

सांसद अच्युतप्रसाद मैनालीले वन्यजन्तुको आक्रमणका कारण मानवीय क्षति तथा अन्नबाली क्षति भएको जिकिर गर्दै मानव-वन्यजन्तु द्वन्द्व घटाउन पहल गर्न सरकारलाई आग्रह गर्नुभयो। "बाघको सङ्ख्या बढे पनि बासस्थान चुनौती बनेको छ। बाघ बढेसँगै सर्वसाधारण आक्रमणमा परेका छन्। वन्यजन्तुको बासस्थान व्यवस्थित गर्नुपर्छ," उहाँले भन्नुभयो।

सांसद देवेन्द्र पौडेलले उखु किसानको अनुदान कटौती गर्न नहुनेमा जोड दिनुभयो। "किसानले अनुदानमा मल पाउने कुरालाई पनि सरकारले गम्भीरतापूर्वक लिनुपर्छ," उहाँले भन्नुभयो। सांसद कृष्णकुमार श्रेष्ठले वन्यजन्तुले आक्रमण गर्न थालेपछि सर्वसाधारण सुरक्षित नरहेको भन्दै वन्यजन्तु नियन्त्रणमा सरकारले चासो नदिएको गुनासो गर्नुभयो।

सांसद नागिना यादवले काठमाडौँ महानगरपालिकाले गरेको तोडफोडविरुद्ध कबाडी व्यवसायी आन्दोलनरत रहेको उल्लेख गर्दै उनीहरुलाई वार्तामा बोलाएर माग सम्बोधन गर्न आग्रह गर्नुभयो। सांसद प्रभु हजराले वीरगञ्जमा हैजा प्रकोप फैलिरहेको भन्दै समयमै त्यसको नियन्त्रण गर्न जोड दिनुभयो।

सांसद शक्तिबहादुर बस्नेतले किसानले गत वर्ष पाउनुपर्ने करिब रु एक अर्ब ५० करोड भुक्तानी पाउन नसकेको जिकिर गर्दै आन्दोलनरत किसानका माग पूरा गर्न सरकार तत्पर रहनुपर्नेमा जोड दिनुभयो। सांसद प्रभु साहले कबाडी व्यवसायी र उखु किसानका माग सम्बोधन गर्न सरकारलाई आग्रह गर्नुभयो।

सांसद ठाकुरप्रसाद गैरेले ज्येष्ठ नागरिक र सामाजिक सुरक्षाअन्तर्गत सुविधा लिने नागरिक बायोमेट्रिकका लागि वडा कार्यालय धाए पनि 'सर्भर डाउन' भएको भन्दै उनीहरुले दुःख पाइरहेको बताउनुभयो। "त्यस्ता अशक्त नागरिकहरु चार दिनसम्म वडा कार्यालय धाउँदा पनि काम नभएको पाइयो, उनीहरुलाई घर-घर गएर सुविधा दिनुपर्छ," उहाँले भन्नुभयो। सांसदहरु किरणकुमार साह, सूर्यमान तामाङ (दोङ) र शेरबहादुर कुँवरले पनि उखु किसानका माग सम्बोधन गर्नुपर्नेलगायत अन्य समसामयिक विषयमा धारणा राख्नुभयो। रासस

# वायुप्रदूषण नियन्त्रणका लागि हरियाली विस्तार कार्यक्रमः मन्त्री शाही

काठमाण्डु । वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले वायुप्रदूषण नियन्त्रणका लागि युरो-६ मापदण्डको कार्यान्वयन र सहरी हरियाली विस्तारजस्ता कार्य अघि बढाइएको बताउनुभएको छ।

वातावरण विभागले शुक्रबार आयोजना गरेको राष्ट्रिय वायु गुणस्तर व्यवस्थापन कार्ययोजनासम्बन्धी कार्यशालामा मन्त्री शाहीले प्रदूषणका प्रमुख स्रोतहरूको पहिचान, इन्धन गुणस्तरमा सुधार, विद्युतीय सवार ीसाधनलाई प्रोत्साहन, उद्योगमा स्वच्छ प्रविधिको प्रवर्द्धनलगायत कार्य अघि बढाइएको उल्लेख गर्नुभयो।

"वायुप्रदूषण नेपालको मात्र समस्या नभई, दक्षिण एशियाकै



लागि पनि गम्भीर चुनौती हो", मन्त्री शाहीले भन्नुभयो, "यसले मानव स्वास्थ्यमा प्रत्यक्ष असर पुऱ्याइरहेको छ, विशेषगरी यसबाट बालबालिका र ज्येष्ठ नागरिक बढी प्रभावित भइरहेका छन्। साथै यसले कृषि उत्पादनमा गिरावट ल्याइरहेको छ र हाम्रो जैविक विविधता तथा जलवायुमा प्रतिकूल प्रभाव पारिरहेको छ।"

यस गम्भीरतालाई बुझ्दै नेपाल सरकारकोतर्फबाट पछिल्ला वर्षमा विभिन्न पहल अघि बढाइएको र काठमाडौँ उपत्यकाका लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना तयार गरिएको मन्त्री शाहीले बताउनुभयो।

"अहिले हामी राष्ट्रियस्तरको कार्ययोजनातर्फ अघि बढिरहेका छौँ, यसबाट दिगो, विज्ञानमा आधारित, समावेशी र नेपालको आवश्यकताअनुरूप रणनीति तय हुने विश्वास छ", उहाँले भन्नुभयो। वायुप्रदूषण कुनै एक देश वा सीमाभित्र मात्र सीमित समस्या नभएको उल्लेख गर्दै उहाँले यसको समाधान पनि बहुपक्षीय सहकार्यबाटै सम्भव हुने बताउनुभयो। साथै उहाँले अन्तरराष्ट्रिय, क्षेत्रीय, राष्ट्रिय र स्थानीय सबै तहमा सहकार्य र साझेदारीलाई अझ सुदृढ बनाउन जोड दिनुभयो।

मन्त्री शाहीले मन्त्रालयमार्फत, दातृ निकाय, सङ्घसंस्था, नागरिक समाज, निजी क्षेत्र, प्रदेश तथा स्थानीय सरकार र समुदायसँग हातेमालो गर्दै, सबैको साझा प्रयासमा कार्ययोजना तयार हुनेमा प्रतिबद्धता व्यक्त गनुभयो। यसले स्वच्छ हावा, स्वस्थ जीवन, दिगो विकास र भावि पुस्ताका लागि सुरक्षित वातावरणको मार्ग प्रशस्त गर्ने उहाँको विश्वास थियो।रासस

# सञ्चारमाध्यम समावेशी बन्नुपर्ने माग

काठमाण्डु । अधिकारकर्मीतथासञ्चारकर्मीहरुले आमसञ्चारमाध्यममा महिला र सिमान्तकृत समुदायको भौतिक सहभागिता हुनुपर्ने माग गरेका छन्। पर्पल फाउण्डेशनले शुक्रबार आयोजना गरेको 'राजनीतिमा समावेशी सहभागिता र नेतृत्वका लागि सञ्चारकर्मीको भूमिका' विषयक अन्तरक्रियामा उहाँहरुले सञ्चारमाध्यमका विषयवस्तुमा पनि समावेशीता झल्कनुपर्ने धारणा राख्नुभयो।

दलित अधिकारकर्मी भक्त विश्वकर्माले सरकारी सञ्चारमाध्यमले संविधानको मर्मअनुरुप सिमान्तकृत समुदायको सहभागिता र विषयवस्तुलाई प्राथमिकता दिनुपर्नेमा धारणा राख्नुभयो। उहाँले भन्नुभयो, "महिला तथा सिमान्तकृत समुदायको विषयवस्तु सम्प्रेषण गर्ने सवालमा सरकारी र निजी सरकारी सञ्चारमाध्यमले आन्तरिक नीति बनाएर कार्यान्वयन गर्नुपर्छ।"

पर्पल फाउण्डेशनले गरेको एक अध्ययनअनुसार राष्ट्रिय स्तरका पत्रिकामा महिला (तथा सिमान्तकृत, अल्पसङ्ख्यक) नेताहरुसँग सम्बन्धित समाचार १५ प्रतिशत रहेको छ। उक्त अध्ययनले सङ्घीय स्तरका नेताहरुको समाचार समेटिए पनि प्रदेश र स्थानीय स्तरका नेताहरुको समाचार भने शून्य अभिलेख रहेको पनि देखाएको छ।

पत्रकार तथा लेखक घनश्याम खड्काले विगतको तुलनामा आमसञ्चारमाध्यमले महिला र सिमान्तकृत समुदायको विषय उठाउने गरेपनि उनीहरुको समस्या, विभेद र पीडाका हिसावले पर्याप्त रुपमा नउठाएको टिप्पणी गर्नुभयो।रासस



# थारू समुदायको इतिहास, संस्कृति जोगाउन विशेष वा स्वायत्त क्षेत्र दिनुपर्छ : अध्यक्ष दाहाल




त्रिवेणी । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले थारू समुदायको पहिचान, संस्कृति, इतिहास जोगाउन र यसको प्रतिनिधित्वका लागि विशेष वा स्वायत्त क्षेत्र दिनुपर्ने बताउनुभएको छ।

नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको डण्डामा थारू राष्ट्रिय सङ्ग्रहालय अध्ययन केन्द्रको आयोजनामा सञ्चालित थारू समुदायको परम्परागत भोदी खेल प्रतियोगिताको उद्घाटन समारोहलाई सम्बोधन गर्दै अध्यक्ष दाहालले गण्डकी प्रदेशको नवलपुरमा थारू समुदाय रहेको भए पनि यो जनसङ्ख्याले यहाँबाट प्रदेश र सङ्घमा प्रतिनिधित्व हुने सम्भावना असम्भवजस्तै भएको बताउनुभयो।

"थारू समुदायको उपस्थिति गण्डकी प्रदेशको नवलपुरमै छ, प्रदेशको हिसाबले निकै थोरै थारूको समुदाय रहेकाले यो जनसङ्ख्याले कहिल्यै पनि प्रदेश र सङ्घमा यहाँबाट प्रतिनिधित्व असम्भव जस्तै छ । त्यसको एउटा मात्र उपाय गण्डकी प्रदेशभित्र एउटा विशेष क्षेत्र वा स्वायत्त क्षेत्र थारूहरूका लागि दिनुपर्छ", अध्यक्ष दाहालले भन्नुभयो, "अनिमात्र थारूहरूको पहिचान, संस्कृति इतिहासको प्रदेश र सङ्घमा प्रतिनिधित्व गराउन सकिन्छ । यस विषयमा सामूहिक ढङ्गले आवाज उठाउन जरुरी छ।"

अध्यक्ष दाहालले अहिले पनि संविधानमा भएका कयौँ व्यवस्थाहरूको ठिकसँग कार्यान्वयन हुन नसकेको बताउनुभयो । संरक्षित क्षेत्र, स्वायत्त क्षेत्र र विशेष क्षेत्रको व्यवस्था संविधानले गरेको भए पनि कानुन नबन्दा संविधानमा लेखेको कतिपय कुरा कार्यान्वयनमा जान नसकेको बताउनुभयो।

कार्यक्रममा अध्यक्ष दाहालले स्थानीय तहदेखि प्रदेश र सङ्घसम्म दलित, महिला, आदिवासी जनजाति, मजदुर किसानको प्रतिनिधित्व क्रान्तिकारी आन्दोलन र जनआन्दोलनको बलमा भएको बताउँदै थारू समुदायका बाँकी पहिचान अधिकार स्थापित गर्न आफू लागिरहने बताउनुभयो ।रासस

# एमाले विधान महाधिवेशन तयारी बैठक

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)को दोस्रो विधान महाधिवेशन तयारीका सन्दर्भमा शुक्रबार एमाले पार्टी कार्यालय च्यासलमा बैठक बसेको छ।

केन्द्रीय जनसङ्गठन समन्वय संयन्त्रका संयोजक भानुभक्त ढकालले विधान महाधिवेशन तयारीका बारेमा जानकारी गराउँदै सक्रियताका साथ तोकिएका जिम्मेवारी पूरा गरी आसन्न महाधिवेशन सफल बनाउन जनसङ्गठनका अध्यक्ष तथा इन्चार्जहरूसँग अनुरोध गर्नुभयो।

करिब एक हप्तामात्र समय रहेकाले अझ खटिएर तोकिएको जिम्मेवारी पूरा गर्न निर्देशन दिँदै संयोजक ढकालले महाधिवेशनलाई भव्य, सभ्य र उपलब्धिमूलक बनाउन सबैको साथ सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो। बैठकमा महाधिवेशनलाई सफल बनाउन सङ्गठनात्मक तयारी, प्रचारप्रसार, 'मिडिया सेन्टर' स्थापना, स्वयंसेवक व्यवस्थापन, सबै जनसङ्गठनहरूको व्यापक सहभागिताका विषयमा विस्तृत छलफल भएको संयोजक ढकालले जानकारी दिनुभयो।

उहाँले पार्टीको विधान महाधिवेशन एमालेको नीति र सङ्गठनात्मक यात्रामा महत्त्वपूर्ण मोड भएको भन्दै सबै जनसङ्गठनका प्रतिनिधिहरूलाई सक्रिय र जिम्मेवार भूमिकामा रहन आह्वान गर्नुभएको छ। बैठकमा एमालेका सबै जनसङ्गठनका अध्यक्ष र इञ्चार्जको सहभागिता थियो।

एमाले विधान महाधिवेशन यही भदौ २० देखि २२ सम्म 'निर्णायक राष्ट्रिय शक्ति निर्माण हाम्रो सङ्कल्प, समृद्ध नेपाल सुखी नेपाली राष्ट्रिय गन्तव्य' भन्ने मूल नाराका साथ ललितपुरको गोदावरीस्थित सनराइज सम्मेलन केन्द्रमा हुँदैछ ।रासस

## सांसदहरूको साझा मतः

# कूटनीतिका माध्यमबाट नेपालको भूमि फिर्ता गराउन सरकार लाग्नुपर्छ

**जनता समाजवादी पार्टी (जसपा) नेपालका सांसद रञ्जुकमारी झाले वार्ता र कूटनीतिका माध्यमबाट नेपालको भूमि फिर्ता गराउन प्रधानमन्त्रीको चीन भ्रमणका क्रममा विशेष पहल हुने विश्वास व्यक्त गर्नुभयो ।**



काठमाण्डु । नेकपा (एकीकृत समाजवादी)का सांसद राजेन्द्रप्रसाद पाण्डेले नेपाललाई जानकारी नै नदिइ चीन र भारतबीच लिपुलेक, लिम्पियाधुरा र कालापानीका सन्दर्भमा भएको सहमतिबारे प्रधानमन्त्रीको चीन भ्रमणका क्रममा स्पष्ट धारणा राख्न आग्रह गर्नुभयो।

प्रतिनिधिसभाको शुक्रबारको बैठकको विशेष समयमा उहाँले सुगौली सन्धीदेखि नै कायम भएको नेपालको भूमिको जग्गाधनी प्रमाणपत्रसमेत रहेको र अमेरिकी तथा बेलायतको पुस्तकालयमा रहेको नक्साबाट पनि त्यो प्रमाणित हुने स्पष्ट पार्नुभयो।

सांसद पाण्डेले भू-भागका हिसाबले देश सानो तथा ठूलो हुनसक्ने भए पनि सार्वभौमसत्ताका सन्दर्भमा कुनै पनि सम्झौता हुन नसक्ने धारणा राख्नुभयो। उहाँले राष्ट्रिय सहमतिका साथ नेपालको भूमि फिर्ता गराउन सरकारले विशेष पहल गरोस् भन्ने कामना गर्नुभयो।

जनता समाजवादी पार्टी (जसपा) नेपालका सांसद रञ्जुकमारी झाले वार्ता र कूटनीतिका माध्यमबाट नेपालको भूमि फिर्ता गराउन प्रधानमन्त्रीको चीन भ्रमणका क्रममा विशेष पहल हुने विश्वास व्यक्त गर्नुभयो। उहाँले उखु किसानको माग तत्काल सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

जनमत पार्टीका सांसद अनिता देवीले कृषि विद्युतीकरणका नाममा तराई-मधेसमा खम्बा गाड्दा कुनै पनि मापदण्डको ख्याल नगरिएका कारण दुर्घटना बढेको उल्लेख गर्दै पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन माग गर्नुभयो । उहाँले पनि उखु किसानको माग तत्काल सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

जसपा नेपालका सांसद उपेन्द्र यादवले संविधानमा उल्लेख गरिएको मौलिक हक कार्यान्वयनका लागि तीन वर्षभित्र २७ वटा कानुन निर्माण गर्ने व्यवस्था भए पनि १० वर्षसम्म पनि बन्न नसकेको बताउनुभयो । यस्तै, सङ्घीयता कार्यान्वयनका लागि निर्माण हुनुपर्ने कानुन निर्माण हुन नसकेको, सङ्घ र प्रदेशको साझा अधिकारका विषयमा पनि ध्यान नदिइएको उहाँको भनाइ थियो।

यादवले कबाड व्यवसायी आन्दोलनमा रहेको र तराई-मधेसमा हैजा फैलिएको, उखु किसान पनि आन्दोलनमा रहेको उल्लेख गर्दै तीलगायत सुक्खाग्रस्त क्षेत्रमा रहेका किसानको समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का सांसद रामप्रकाश चौधरीले सर्लाहीमा चोरको बिगबिगीका कारण पशुचौपाया, मोटरसाइकललगायत अन्य धनमाल तथा विद्युतीय ट्रान्सफर्मर चोरी भएका कारण जनजीवन प्रभावित भएको भन्दै शान्तिसुरक्षाको प्रबन्ध गर्न माग गर्नुभयो।

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले प्रधानमन्त्रीको चीन भ्रमणका क्रममा गरिबी निवारणबारे बुझेर आउन आग्रह गर्नुभयो । उहाँले सुगौली सन्धीमा नै उल्लेख भएको नेपाली भूमिको रक्षा गर्न र संसद्को दुई तिहाइले पारित गरेको चुच्चे नक्सा संयुक्त राष्ट्र सङ्घका सदस्यहरूलाई किन नपठाइएको भनेर प्रश्न गर्नुभयो । सुवालले नेपालीलाई सस्तोमा बिजुली उपलब्ध गराउन माग गर्नुभयो।

नेपाली कांग्रेसका सांसद दिनेश यादवले सप्तरीको लालगढमा भएको एक हत्याका सन्दर्भमा सुरक्षाकर्मी दोषी देखिएको भन्दै कारबाहीको माग गर्नुभयो । उहाँले नेपाल- भारत सीमा क्षेत्रमा सुरक्षाकर्मीले स्थानीयवासीलाई दुःख दिइएको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो । तराई- मधेसलाई सुक्खाग्रस्त क्षेत्र घोषणा भए पनि कुनै राहतको प्रबन्ध हुन नसकेको यादवको गुनासो थियो।

सांसद अम्मरबहादुर रायमाझीले कृषि, पर्यटन र उद्योगजस्ता क्षेत्र नेपालमा रोजगारी र अवसर सिर्जना गर्ने दीर्घकालीन समृद्धिका आधार भए पनि यी क्षेत्र सशक्त रुपमा रुपान्तरण हुन नसकेको बताउनुभयो । उहाँले कृषिमा आत्मनिर्भर हुने ठाउँमा पनि आयात गर्नुपरेको, पर्यटन प्रवर्द्धनमा ध्यान दिन नसकेको तथा नेपालका औद्योगिक क्षेत्र पनि उद्योगमैत्री हुननसकेको उल्लेख गर्नुभयो।

सांसद मैना कार्कीले सीमासम्बन्धी समस्याको कूटनीतिक माध्यमबाट समाधान गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो। उहाँले सामान्य वर्षा हुनेबित्तिकै देशभरका विभिन्न स्थानमा बिजुली जाने गरेका र त्यसले जनजीवन कष्टकर भएका तर्फ ध्यानाकर्षण गराउनुभयो।

कार्कीले दुर्गम बस्तीमा रहेका स्वास्थ्य चौकी, जिल्ला र प्रादेशिक अस्पतालमा उच्चस्तरीय उपचार सुविधा नभएकाले अझै स्वास्थ्योपचारका लागि काठमाडौँ धाउनुपर्ने अवस्था रहेकातर्फ ध्यानाकर्षण गराउनुभयो।

**नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयक टेबुल**

प्रतिनिधिसभाको शुक्रबारको बैठकमा 'नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयक, २०८१ का सम्बन्धमा राष्ट्रियसभाबाट प्राप्त सन्देशसहितको विधेयक टेबुल भएको छ।

प्रतिनिधिसभाका सचिव शर्कराज राईले सो विधेयक टेबुल गर्नुभएको हो।

यस्तै, संयुक्त समितिकोअन्तर्गतको संसदीय सुनुवाइ समितिमा सांसद रामहरि खतिवडालाई पठाइएको छ । सभामुखको आशनमा रहनुभएका उपसभामुख इन्दिरा रानामगरले राख्नुभएको नाम हेरफेरसम्बन्धी प्रस्तावलाई सदनले स्वीकार गरेको हो।

यसअघि सो समितिको सभापति रहनुभएका ईश्वरी न्यौपानेले राजीनामा दिइ राज्यव्यवस्था तथा सुशासन समितिको सभापतिमा निर्वाचित हुनुभएको छ । यसअघि राज्यव्यवस्था तथा सुशासन समितिका सभापतिसमेत रहनुभएका खतिवडाले राजीनामा दिनुभएको थियो। रासस

# तोकिएको समयअघि नै मुलुकलाई "ग्रे लिस्ट"बाट बाहिर निकाल्छौँ: अर्थमन्त्री पौडेल



काठमाण्डु । उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले नेपाललाई अन्तरराष्ट्रिय वित्तीय निगरानी निकाय 'फाइनान्सियल एक्सन टास्कफोर्स' (एफएटिएफ) को 'ग्रे लिस्ट' बाट छिटो बाहिर ल्याउन सरकारले गम्भीर प्रयास गरिरहेको बताउनुभएको छ।

राष्ट्रियसभाको शुक्रबारको बैठकमा उठेका प्रश्नहरूको जवाफ दिँदै अर्थमन्त्री पौडेलले 'ग्रे लिस्ट'मा पर्नु मुलुकका लागि आर्थिक, वित्तीय र कूटनीतिक दृष्टिले हानिकारक भएको स्वीकार गर्दै तत्काल सुधारात्मक कार्ययोजना बनाएर कार्यान्वयनमा लगिएको बताउनुभयो।

"कुनै पनि कारणले मुलुक ग्रे लिष्टमा पर्नु आर्थिक, वित्तीय एवं प्रतिष्ठाको दृष्टिकोणले उचित होइन। सरकार यो विषयमा स्पष्ट छ र यथासक्य छिटो त्यसबाट बाहिर निस्कन सुधारात्मक कार्ययोजना बनाएर २०८२ सालदेखि लागू गरिसकेको छ", उहाँले भन्नुभयो । अर्थमन्त्री पौडेलका अनुसार मुलुक 'ग्रे लिस्ट'मा पर्दा अन्तरदेशीय वित्तीय कारोबार, विप्रेषण प्रवाह, विदेशी लगानी र समग्र मुलुकको प्रतिष्ठामा दीर्घकालीन असर पार्नसक्ने जोखिम छ।

यसले वैदेशिक ऋण, अनुदान र सहयोगमा प्रतिकूल असर पर्ने प्रश्नमा अर्थमन्त्री पौडेलले भन्नुभयो, "ग्रे लिष्टका कारण मुलुकले प्राप्त गर्ने वैदेशिक ऋण, अनुदान, सहायताजस्ता लगानीमा असर पर्नसक्ने भएकाले त्यसलाई कम गर्न सरकार संवेदनशील बनेको छ।

त्यसैले सुधारात्मक कार्ययोजना बनाई प्राथमिकताका साथ कार्यान्वयनमा लगिएको छ ।" विशेषगरी अन्तरराष्ट्रिय वित्तीय संस्थासँगको विश्वास कमजोर हुनु, लगानीकर्तामा शङ्का बढ्नु र दातृ निकायले कडाइ गर्ने सम्भावनाले नेपाललाई चुनौतीपूर्ण अवस्थामा पुऱ्याउनसक्ने ठानिएको छ।

अर्थमन्त्री पौडेलले यसबाट बाहिरिन सरकारले अवलम्बन गरेका प्रमुख नीतिगत तथा कानुनी कदमबारे विस्तृत विवरण प्रस्तुत गर्नुभयो। उहाँका अनुसार सम्पत्ति शुद्धीकरण (मनी लाउन्डिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐन, २०८० मार्फत १९ वटा ऐन संशोधन गरिएको छ।

यस्तै, सम्पत्ति शुद्धीकरण निवारण नियमावली, २०८१ जारी गरी कार्यान्वयनमा ल्याइएको, सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी गतिविधिमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०८१-८२ देखि २०८५-८६) लागू गरिएको, शीघ्र सुधारात्मक कार्ययोजना, २०८२ स्वीकृत गरी कार्यान्वयनमा रहेकोलगायतका सुधारका काम भएको अर्थमन्त्री पौडेलले बताउनुभयो।

बहुमूल्य धातु व्यापारी, क्यासिनो व्यवसायी, जग्गा कारोबार गर्ने संस्थालगायतलाई कडाइ गर्ने निर्देशन दिइएको तथा चारवटा समन्वय संयन्त्रहरू नियामक, अनुसन्धान समन्वय, आतङ्कवाद प्रतिरोध, कार्यान्वयन सहजीकरण गठन गरिएको उहाँको भनाइ छ।

अर्थमन्त्री पौडेलले नेपाल 'ग्रे लिस्ट'मा पर्नु विगतका कमजोरीका कारण भएको भन्दै हाल आवश्यक कानुनी संरचना र कार्ययोजना प्रभावकारी रूपमा अघि बढाइएको दाबी गर्नुभयो । उहाँले भन्नुभयो, "हामी निर्धारित समयभन्दा पहिल्यै ग्रे लिस्टबाट बाहिर निस्कनेछौँ। त्यतिमात्र मात्र होइन, फेरि कहिल्यै ग्रे लिस्टमा नपर्नेगरी सुधार गर्नेछौँ।"

नेपाल दुई वर्षका लागि निगरानी सूचीमा परेको उल्लेख गर्नुहुँदै अर्थमन्त्री पौडेलले त्यस्तो सूचीमा परेको छ महिना बितिसकेको र केही समयभित्रै बाहिरिने विश्वास दिलाउनुभयो । सम्पत्ति शुद्धीकरण नियन्त्रण सबैका लागि चिन्ता र चासोको विषय रहेको उल्लेख गर्नुहुँदै अर्थमन्त्री पौडेलले यसलाई विश्वका सबै मुलुकसँग सहकार्य गर्दै ठूला र गम्भीर आर्थिक अपराध नियन्त्रण गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो।

यस्तै, राष्ट्रियसभाको शुक्रबारको बैठकमा अर्थमन्त्री पौडेलले महालेखापरीक्षकको कार्यालयलाई थप प्रभावकारी र नतिजामुखी बनाउन ठोस कदम चालेको बताउनुभयो।

उहाँका अनुसार सबै प्रदेशमा महालेखापरीक्षकको कार्यालय स्थापना गर्ने गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) सम्पन्न भएको छ भने, लेखापरीक्षकको क्षमता अभिवृद्धिका लागि पनि पहल थालिएको छ।

विगतमा बढ्दो रूपमा देखिएको बेरुजु नियन्त्रण गर्न सरकार कडाइका साथ अघि बढेको उल्लेख गर्नुहुँदै अर्थमन्त्री पौडेलले सार्वजनिक खरिद प्रक्रियामा सुधारका साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनमा संशोधन गरेर पछिल्लो तीन वर्षदेखि रोकिएको बेरुजु सम्परीक्षण तथा लगतकट्टा प्रक्रिया पुनःसुरु गरिएको सदनलाई जानकारी गराउनुभयो । यसलाई नेपालमा वित्तीय अनुशासन र सार्वजनिक खर्चमा पारदर्शिता ल्याउने महत्त्वपूर्ण कदमका रूपमा हेरिएको उहाँको भनाइ छ।

यसैगरी, प्राकृतिक स्रोत तथा वित्त आयोगको काम-कारबाहीलाई प्रभावकारी बनाउन सरकारले रणनीतिक योजना कार्यान्वयन अघि सारेको र आयोगलाई संस्थागत रूपमा सुदृढ बनाउन उच्च प्राथमिकता दिइएको जनाइएको छ । अर्थमन्त्री पौडेलका अनुसार वित्त आयोगको सिफारिसकै आधारमा सरकारले प्रदेश र स्थानीय तहमा राजस्व र रोयल्टीको बाँडफाँट गरेको छ।

बैठकमा विधायन व्यवस्थापन समितिका सभापति तुलसाकुमारी दाहालले 'राष्ट्रिय विधि विज्ञान प्रयोगशाला(स्थापना र सञ्चालन) विधेयक, २०८१ सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदन' सभासमक्ष पेस गर्नुभयो।

यसैगरी, राष्ट्रियसभाका सचिव डा सुरेन्द्र अर्यालले 'वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८१' का सम्बन्धमा प्रतिनिधिसभाबाट प्राप्त सन्देशसभासमक्ष टेबुल गर्नुभयो।

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले 'सामाजिक सञ्जाल विधेयक, २०८१ लाई दफाबार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्' भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो । उक्त प्रस्ताव सभाबाट स्वीकृत भएको छ । राष्ट्रियसभाको अर्को बैठक सोमबार १ बजेर १५ मिनेटमा बस्नेछ ।रासस

# सीमा समस्या समाधानको प्रभावकारी पहल गर्न प्रधानमन्त्रीसँग आग्रह



काठमाण्डु । नेपाली कांग्रेसका सांसद सुशीला थिङले प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणको सफलताको शुभकामना व्यक्त गर्दै सीमा समस्या समाधानका लागि प्रभावकारी पहल गर्न उहाँलाई आग्रह गर्नुभएको छ।

प्रतिनिधिसभाको शुक्रबारको बैठकको विशेष समयमा सांसद थिङले चीन भ्रमणका क्रममा हालै चीन र भारतबीच भएको व्यापारिक सम्झौताका कारण नेपालको लिपुलेक, लिम्पियाधुरालगायत क्षेत्रका सन्दर्भमा उल्लेख भएका सन्दर्भमा आवश्यक निष्कर्ष निकाल्न प्रधानमन्त्री ओलीको ध्यानाकर्षण गराउनुभयो। सांसद थिङले इम्बोस्ड नम्बर प्लेट गुणस्तरीय नभएको जनगुनासो आइरहेकाले आवश्यक जानकारी दिन भौतिक पूर्वाधार तथा यातायातमन्त्रीसँग माग गर्नुभयो । रास्वपाका सभापति रवि लामिछाने नै भिजिट भिषामा अमेरिका गएको र नेपाली नागरिकता त्याग गरेको सन्दर्भ जोड्दै सहकारी ठगी, नक्कली प्रमाणपत्रलगायत विषयमा आफ्नो धारणा राख्नुभयो।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद पदम गिरीले प्रधानमन्त्री ओलीको चीन भ्रमण मुलुकको गौरव बढाउने सन्दर्भमा महत्वपूर्ण सावित होस् भन्ने कामना गर्नुभयो । उहाँले नेपालको भूमि प्राणभन्दा पनि प्यारो रहेको भन्दै चीन भ्रमणका क्रममा हालै चीन र भारतबीच भएको व्यापारिक सम्झौताका कारण परेको प्रभावकारीका बारेमा प्रष्ट धारणा राख्न माग गर्नुभयो। वर्तमान सरकार गठन भएपछि मुलुकको अर्थतन्त्रमा सुधार भएको, निराशालाई चिरेर आशामा बदल्ने, सुशासन कायम गर्दै विकास तथा समृद्धिको अभियानलाई अगाडि बढाएको र सफलता हासिल गरेको उल्लेख गर्नुभयो । सांसद गिरीले मुलुकको आर्थिक वृद्धि सकारात्मक ढङ्गले अगाडि बढेको, विप्रेषण आप्रवाहमा उल्लेख्य सुधार भएको, महँगी नियन्त्रण भएको, वैदेशिक लगानीमा वृद्धि भएको तथ्यलाई नजरअन्दाज गरेर आफ्नो स्वार्थलाई केन्द्रमा राखेर गलत प्रचार भएको बताउनुभयो । सरकारले गरेका राम्रा कामको फेहरिस्त पेस गर्दै उहाँले नेपाली कांग्रेस र एमालेको संयुक्त सरकार सफल भएको स्पष्ट पार्नुभयो।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सांसद अमनलाल मोदीले उखु किसान सबैभन्दा बढी समस्यामा परेको भए पनि उपयुक्त समाधानका पक्षमा सरकारले कुनै पहल नगरेको आरोप लगाउनुभयो। यस्तै, किसानले रासायनिक मल नपाएको विषयमा पनि संसदमा उठाउनुभयो।

किसान र मजदुरका पक्षमा सरकारले कुनै पनि प्रभावकारी काम नगरेका कारण निराश बढेको सांसद मोदीको भनाइ थियो। बजेट वक्तव्यमा समावेश भएको विषयलाई ध्यान नदिइएको सांसद मोदीले बताउनुभयो। उहाँले उखु किसानका माग तत्काल सम्बोधन गर्न सरकारसँग आग्रह गर्नुभयो ।रासस

# तथ्याङ्कसम्बन्धी विधेयक पारित

विराटनगर। कोशी प्रदेशसभाको शुक्रबारको बैठकमा 'कोशी प्रदेश तथ्याङ्कसम्बन्धी व्यवस्थित गर्न बनेको विधेयक' सर्वसम्मतले पारित भएको छ।

प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर मगरले 'विधेयक पारित गरियोस्' भनी राख्नुभएको प्रस्ताव सभामुख अम्बरबहादुर विष्टले निर्णयार्थ प्रस्तुत गर्दा सर्वसम्मतले पारित भएको हो ।यसअघि विधेयकको दफावार छलफलमा कोशी प्रदेशसभा सदस्य निरन राई, कमला दर्नाल र छविलाल चुँडालले धारणा राख्नुभएको थियो। विधेयकमा संशोधन प्रस्ताव दर्ता गर्नुभएका सदस्य रमेशकुमार बस्नेतले प्रस्ताव फिर्ता लिनुभएको थियो।

मन्त्री मगरले सरकारले बनाउने योजना, नीति, नियम एवं कानुनलाई कार्यान्वयन तहसम्म लैजान तथ्याङ्कको महत्त्वपूर्ण भूमिका रहेको बताउनुभयो। उहाँले प्रदेश सरकारले प्रत्येक पाँच वर्षमा बनाउने योजनामा तथ्याङ्कको भूमिकालाई इन्कार गर्न नसकिने भन्दै सही तथ्याङ्कले मात्र सरकारले वितरण गर्ने सेवासुविधा नागरिक तहसम्म पुग्ने विचार राख्नुभयो ।रासस

# संयुक्त राष्ट्र खाद्य एजेन्सी प्रमुखद्वारा गाजामा भोकमरी रोक्न नेतान्याहुमाथि दबाब

एपी

तेल अभिव ।संयुक्त राष्ट्रसंघीय खाद्य एजेन्सीका प्रमुख सिन्डी म्याककेनले बिहीबार गाजामा पर्याप्त खाद्यान्नको अभाव देखिएको र तत्काल थप मानवीय सहायताको आवश्यकता रहेको भन्दै इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुसँग छलफल गरेको जानकारी दिनुभएको छ । उहाँले हालसालैको गाजा भ्रमणमा यो अवस्था 'धेरै स्पष्ट' भएको बताउनुभयो ।



गत हप्तामै खाद्य सङ्कटसम्बन्धी विश्वकै अग्रणी निकायले गाजाको सबैभन्दा ठूलो सहर भोकमरीको चपेटामा परेको र यदि युद्धविराम तथा मानवीय सहायतामाथिको प्रतिबन्ध अन्त्य नभए यो सङ्कट सम्पूर्ण क्षेत्रमा फैलिन सक्ने चेतावनी दिएको थियो ।विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) की कार्यकारी निर्देशक म्याककेनले गाजामा भोकमरी वास्तविकतामा भइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "मैले आफ्नै आँखाले भोकमरीमा परेका आमा र बालबालिकाहरूलाई भेटेँ । यो वास्तविक हो, र अहिले नै भइरहेको छ ।"

उहाँका अनुसार, नेतान्याहु 'गाजामा मानिसहरूले पर्याप्त खाना नपाएकोबारे स्पष्ट रूपमा चिन्तित' देखिनुहुन्थ्यो । यद्यपि, विगतमा नेतान्याहुले गाजामा भोकमरी भएको कुरा अस्वीकार गर्दै यसलाई हमासको प्रचारको हिस्सा भन्नुभएको थियो । म्याककेनले भन्नुभयो, "थप मानवीय सहायता प्राप्त गर्ने प्रयासहरू तुरुन्तै दोब्बर गर्नुपर्छ भन्ने कुरामा हामी सहमत भयौँ । हाम्रो राहत सामग्रीका सवारीहरूको पहुँच र सुरक्षा सुनिश्चित गर्नु अनिवार्य छ ।"

### इजरायलमाथि अन्तर्राष्ट्रिय दबाब

अनिकालको घोषणाले इजरायलमाथि अन्तर्राष्ट्रिय दबाब बढाएको छ । इजरायल सन् २०२३ अक्टोबर ७ को हमासको आक्रमणपछि लगातार युद्धमा संलग्न छ । यसबीच, इजरायलले गाजा सहर र हमासका अन्य गढहरू कब्जा गर्ने योजना बनाइरहेको बताएको छ, तर युद्धविरामका लागि हालसम्म कुनै प्रगति भएको देखिएको छैन ।इजरायलले खाद्य सङ्कट मापन गर्ने अन्तर्राष्ट्रिय प्राधिकरण आइपिसीद्वारा जारी अनिकालसम्बन्धी घोषणालाई अस्वीकार गर्दै यसलाई बुधबार फिर्ता लिन माग गरेको छ ।

मानवीय सहायता वितरणका लागि जिम्मेवार इजरायली सैन्य निकाय कोगाटले बिहीबार जानकारी दिँदै तीन सयभन्दा बढी सहायता ट्रकहरू हरेक दिन गाजामा प्रवेश गर्ने र तीमध्ये अधिकांशमा खाद्यान्न हुने दाबी गरेको थियो । तर सहायता संस्थाहरूले २२ महिनाको युद्ध, यस वर्षको सुरुआतमा भएको सहायता नाकाबन्दी र गाजाको खाद्य उत्पादन पतनका कारण यो आपूर्ति निकै अपूरो रहेको बताएका छन् ।

म्याककेनले मङ्गलबारको दिनभर गाजा भ्रमण गर्दै पाल शिविरमा बसोबास गर्ने तथा भोकमरी भोगिरहेका विस्थापित परिवार हरूसँग भेटवार्ता गर्नुभयो ।उहाँले भन्नुभयो, "मैले एउटा ११ सदस्यीय परिवारलाई भेटेँ । उनीह गाजाको उत्तरबाट आएका थिए । उनीहरूसँग शाब्दिक रूपमा पर्याप्त खाना थिएन, र अझै पनि छैन ।"उहाँले विश्व खाद्य कार्यक्रममार्फत थप खाद्यान्न गाजामा पठाइरहेको जानकारी दिनुभयो तर यसलाई अझ बढाउनुपर्ने आवश्यकता दोहोर्‍याउनुभयो ।

### वर्तमान समयको विपत्ति

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले गाजामा अनिकाललाई 'वर्तमानको विनाश' भन्दै यसले इजरायली सैन्य आक्रमणलाई 'नयाँ र खतरनाक चरण' तर्फ धकेल्ने चेतावनी दिनुभयो । उहाँका अनुसार, यसले 'विनाशकारी परिणामहरू' ल्याउनेछ र थकित नागरिकहरूलाई फेरि भाग्न बाध्य पार्नेछ ।गुटेरेसले भन्नुभयो, "गाजा भग्नावशेषले भरिएको छ, शवहरूले ढाकिएको छ र अन्तर्राष्ट्रिय कानूनको गम्भीर उल्लङ्घनका उदाहरणहरू देखिएका छन् ।"

यसबीच, इजिप्ट र कतारका मध्यस्थकर्ताहरूले इजरायललाई प्रस्तुत गरेको ६० दिनको युद्धविराम प्रस्तावको प्रतिक्रियाको प्रतीक्षा गरिरहेका छन् । कतारका विदेशमन्त्रीका अनुसार, हमासले उक्त प्रस्ताव स्वीकार गरिसकेको छ । प्रस्तावमा १० जीवित बन्धकको रिहाइ र १८ मृतकको शव हस्तान्तरणको बदलामा युद्धविराम, साथै गाजाको बफर जोनबाट इजरायली सेनाको फिर्तीको माग गरिएको छ ।

### यमनमा इजरायली आक्रमण

बिहीबार, इजरायलले यमनको राजधानी सानामा हवाई आक्रमण गर्‍यो । यो हमला इरान समर्थित हुथी विद्रोहीहरूले इजरायलतर्फ मिसाइल र ड्रोन प्रक्षेपण गरेको प्रतिक्रियामा भएको हो । हुथीहरूले २२ महिनादेखि लाल सागरमा जहाजहरूलाई समेत लक्षित गर्दै आएका छन् र प्यालेस्टिनीहरूसँग एकता देखाउन आक्रमण गरेको बताएका छन् ।

### मानवीय क्षति

गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार, युद्ध सुरु भएदेखि करिब ६३ हजार मानिस मारिएका छन् । गत दिन मात्रै इजरायली आक्रमणबाट ७१ जनाको मृत्यु भएको र धेरै घाइते भएको बताइएको छ । मन्त्रालयका अनुसार, मृतकमध्ये आधाभन्दा बढी महिला र बालबालिका छन् ।

उक्त मन्त्रालय हमासद्वारा सञ्चालित भए पनि संयुक्त राष्ट्रसङ्घ र स्वतन्त्र विज्ञहरूले यसलाई गाजामा युद्ध हताहतसम्बन्धी सबैभन्दा विश्वसनीय स्रोत मानेका छन् । इजरायलले यस्ता तथ्याङ्कमाथि विवाद गर्दै आएको छ तर आफ्ना आधिकारिक तथ्याङ्क सार्वजनिक गरेको छैन ।

हमासले सन् २०२३ अक्टोबर ७ मा एक हजार दुई सय मानिसको हत्या गरी दुई सय ५१ जनालाई अपहरण गरेको थियो, जसमा अधिकांश नागरिक थिए । पछिल्ला युद्धविराम र सम्झौतामार्फत धेरै बन्धकलाई रिहा गरिएको छ । इजरायलका अनुसार, अझै करिब ५० मध्ये २० जना जीवित रहेको विश्वास गरिन्छ ।

गुटेरेसले कब्जा गर्ने शक्तिका रूपमा इजरायलको दायित्व नागरिकको सुरक्षा गर्न, ठूलो मानवीय पहुँच सुनिश्चित गर्न र उनीहरूको आधारभूत आवश्यकताहरू पूरा गर्न भएको बताउनुभयो। खाद्य, पानी र स्वास्थ्य सेवामा भइरहेको व्यवस्थित विघटनलाई उहाँले 'मानवताको आधारभूत मूल्यलाई बेवास्ता गर्ने जानाजानी गरिएको निर्णयको परिणाम' भन्नुभएको छ ।

## 'टी ट्वान्टी' शृङ्खला:
# दोस्रो खेलमा नेपाल 'ए' विजयी




काठमाण्डु । 'टी ट्वान्टी' शृङखलाअन्तर्गत आफ्नो दोस्रो खेलमा नेपाल 'ए' विजयी भएको छ ।

भारतको गुवाहाटीमा भएको खेलमा नेपाल 'ए'ले घरेलु टोली आसामलाई ९६ रनले पराजित गर्दै जारी शृङ्खलामा पहिलो जित दर्ता गराएको हो । नेपालले प्रस्तुत गरेको १७४ रनको लक्ष्य पछ्याएको आसामको पारी १५ दशमलव २ ओभरमा ७७ रनमै समेटियो । आसामका लागि रुहिनन्दन पेगुले सर्वाधिक १७ रन, शिवशङ्कर रोयले १६ तथा आकाश सेनगुप्ताले १० रन बनाए ।

बलिङतर्फ नेपालका युवराज खत्रीले चार, बसिर अहमदले तीन तथा कमलसिंह ऐरी, आकाश चन्द र विवेककुमार यादवले एक/एक विकेट लिए ।त्यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको नेपालले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै १७३ रनको योगफल बनाएको थियो । नेपालका लागि सन्दीप जोराले सर्वाधिक ३५ रनको योगदान दिए । त्यसैगरी पवन सर्राफ र देव खनालले समान ३१/३१ रन बनाए भने बसिर अहमदले २७, विवेकुमार यादवले अविजित २६ तथा आदिल आलम अन्सारीले १४ रन बनाए ।

बलिङतर्फ आसामका लागि आकाश सेन गुप्ताले तीन, अभिनव चौधरीले दुई तथा आयुशमान मालाकार र अभिलश गोगोईले एक/एक विकेट लिए । बिहीबार भएको पहिलो खेलमा नेपाल 'ए' डकवर्थ लुइस पद्दति (डिएलएस) का आधारमा आसामसँग १५ रनले पराजित भएको थियो । यससँगै नेपाल 'ए' र आसामसँगको पाँच खेलको उक्त शृङ्खलामा १-१ को बराबरी भएको छ । शनिबार तेस्रो खेल हुनेछ ।रासस

# म्यान्मामा करेन विद्रोहीहरू आतङ्कवादी समूह घोषित



एपी

बैङ्कक । म्यान्माको सैन्य सरकारले बिहीबार करेन नेसनल युनियन (केएनयु) लाई आतङ्कवादी सङ्गठनका रूपमा घोषणा गरेको छ । यससँग सम्बन्धित कुनै पनि गतिविधि वा तेस्रो पक्षको सम्पर्कलाई समेत अब अवैध ठहर गरिने बताइएको छ ।

म्यान्मा सन् १९४८ मा बेलायतबाट स्वतन्त्र भएदेखि नै केएनयुले बढी स्वायत्तताका लागि सङ्घर्ष गर्दै आएको छ । दक्षिणपूर्व म्यान्मामा अवस्थित यो समूह विशेषगरी सन् २०२१ मा निर्वाचित सरकारलाई अपदस्थ गरी सेनाले सत्ता कब्जा गरेपछि सुरु भएको गृहयुद्धमा सक्रिय रूपमा संलग्न छ ।केएनयुका प्रवक्ता पडोह साव ताव नीले शुक्रबार समूहले यस आतङ्कवादी समूह पदनामलाई बेवास्ता गर्ने बताउनुभएको छ । उहाँले भन्नुभयो, "तपाईंलाई वास्तविक आतङ्कवादी र अन्तर र्राष्ट्रिय अपराधी को हुन् भन्ने प्रमाण चाहिँदैन । म्यान्माको सेनालाई नै अन्तर्राष्ट्रिय न्यायाधिकरणले दोषी ठहर गरेको छ ।"

केएनयुले डिसेम्बर २८ बाट सुरु हुने भनिएको सैन्य योजनाको राष्ट्रिय चुनावमा अवरोध गर्ने वाचा गरेको छ । तर आतङ्कवादी समूहको पदवीले यसका अहिंसात्मक सूचना अभियानहरूलाई अझ कठिन बनाउनेछ, जसलाई पहिले नै अवैध ठहर गरिएको छ ।राज्य सञ्चालित एमआरटिभी टेलिभिजनले सैन्य सरकारी समितिको हवाला दिँदै केएनयुलाई आतङ्कवादी समूह घोषणा गरेको समाचार प्रसारण गरेको छ ।

समितिले केएनयुमाथि 'सार्वजनिक सुरक्षा, जीवन र सम्पत्ति, सार्वजनिक तथा निजी पूर्वाधार, राज्य स्वामित्वका भवन, सवारीसाधन र सामग्रीमा गम्भीर क्षति पुर्‍याएको' आरोप लगाएको छ ।एमआरटिभीले अर्को सूचनामा कार्यवाहक राष्ट्रपति तथा सैन्य प्रमुख वरिष्ठ जनरल मिन आङ ह्लाइङले केएनयु र यससँग सम्बद्ध संस्थाहरूलाई गैरकानूनी सङ्गठन घोषणा गरेको जानकारी दिएको छ । यसले उनीहरूसँग सम्पर्क राख्नेलाई अपराधी ठहर गर्नेछ ।

यस घोषणापछि, एमआरटिभीले स्वतन्त्रताका नायक आङ सान (आङ सान सुकीका पिता) को सन् १९४७ को भनाइ उद्धृत गर्दै बारम्बार प्रसारण गरेको छ । उक्त प्रसारणमा भनिएको थियो, "हाम्रो सरकारले चुनावमा अवरोध गर्नेहरूलाई चुपचाप हेरेर बस्दैन । उनीहरूलाई कडा सजाय दिइनेछ । हाम्रो सरकारले स्वतन्त्र रूपमा प्रतिस्पर्धा गर्ने कसैलाई रोकेन तर अवरोध गर्नेहरूलाई दबाउन सबै शक्ति प्रयोग गर्नेछ ।"

आलोचकहरूले आउँदो चुनावलाई सेनाले आफ्नो अधिग्रहणलाई वैधता दिने ढोङका रूपमा व्याख्या गरेका छन् । उनीहरूका अनुसार, सन् २०२० को चुनावमा भारी बहुमतले जितेको सुकीको नेसनल लिग फर डेमोक्रेसी विघटन गरिसकेकाले चुनाव निष्पक्ष हुने सम्भावना छैन ।

केएनयुलगायतका विपक्षी समूहहरूले चुनावलाई असफल बनाउन प्रयास गर्ने चेतावनी दिएका छन् । सैन्य सरकारले गत महिना एक नयाँ निर्वाचन कानून ल्याएको थियो । सो कानूनअनुसार चुनाव अवरोध गर्ने वा विरोध गर्ने व्यक्तिलाई मृत्युदण्डसमेत दिन सकिने व्यवस्था छ ।सीमावर्ती क्षेत्रमा बसोबास गर्ने अन्य जातीय अल्पसङ्ख्यकहरूजस्तै करेनहरूले पनि दशकौँदेखि बढी स्वायत्तताको माग गर्दै आएका छन् ।

केएनयुले सन् २०१५ मा सात अन्य जातीय विद्रोही सेनाहरूसँगै पूर्व अर्ध-नागरिक सरकार (पूर्व जनरल थेइन सेनको नेतृत्वमा) सँग युद्धविराम सम्झौतामा हस्ताक्षर गरेको थियो । तर सन् २०२१ को सैन्य कब्जापछि यो समूह प्रजातन्त्र समर्थक मिलिसियासँग मिलेर सेनाविरुद्ध लडाइँमा संलग्न भयो र सरकार विरोधीहरूलाई आश्रय दियो ।सैन्य कब्जाको विरोधमा भएको अहिंसात्मक आन्दोलनलाई सेनाले बल प्रयोग गरेर दमन गरेपछि उत्पन्न सशस्त्र प्रतिरोधले अहिले देशको धेरै भागलाई गृहयुद्धमा फसाएको छ ।

कायिन (करेन) राज्यमा केएनयुको सशस्त्र शाखा करेन नेसनल लिबरेसन आर्मीले सैनिकहरूविरुद्ध प्रत्यक्ष लडाइँ मात्र गरेको छैन, स्थानीय सयौँ युवालाई युद्ध प्रशिक्षणसमेत दिइरहेको छ ।सैन्य सरकारले प्रस्ताव गरेको शान्ति वार्तामा केएनयुले सहभागी हुन अस्वीकार गर्दै बहिष्कार गरेको छ । समूहका मागहरूमा राजनीतिबाट सेनाको फिर्ता, सङ्घीय लोकतन्त्रको कार्यान्वयन र सङ्कट समाधानमा अन्तर्राष्ट्रिय संलग्नताको स्वीकृति समावेश छन् ।

> "तपाईंलाई वास्तविक आतङ्कवादी र अन्तर्राष्ट्रिय अपराधी को हुन् भन्ने प्रमाण चाहिँदैन । म्यान्माको सेनालाई नै अन्तर्राष्ट्रिय न्यायाधिकरणले दोषी ठहर गरेको छ ।"

# ड्रोन खर्च तेब्बर गर्ने जापानको योजना

एएफपी

टोकियो । जापानको रक्षा मन्त्रालयले शुक्रबार गरिएको अर्को रेकर्ड खर्चको अनुरोधअन्तर्गत आफ्नो ड्रोन शस्त्रागारलाई ठूलो मात्रामा बढाउने लक्ष्य सार्वजनिक गरेको छ । यो कदम 'गम्भीर रूपमा बढ्दो सुरक्षा वातावरण' का चुनौतीहरूलाई सामना गर्न उठाइएको हो ।

हालैका वर्षहरूमा जापानले आफ्नो कडा शान्तिवादी नीति छाड्दै 'काउन्टरस्ट्राइक' क्षमता विकास गर्ने र सैन्य खर्चलाई कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को दुई प्रतिशतमा पुर्‍याउने प्रयास गर्दै आएको छ ।अप्रिल १ देखि सुरु हुने नयाँ आर्थिक वर्षका लागि मन्त्रालयले ८८ खर्ब येन (करिब ५९ अर्ब ९० करोड अमेरिकी डलर) को बजेट अनुरोध गरेको छ।

यो रकम सन् २०२६ मार्चमा समाप्त हुने चालु आर्थिक वर्षका लागि विनियोजन गरिएको अघिल्लो रेकर्ड ८७ खर्ब येनभन्दा बढी हो ।

दोस्रो विश्वयुद्धको अन्त्य र हिरोसिमा-नागासाकीमा परमाणु बम विस्फोट भएको ८० वर्षपछि पनि जापानको संविधानले अझै आफ्नो सैन्य शक्तिलाई रक्षात्मक सीमाभित्र राखेको छ । तर यो नयाँ बजेट वृद्धिले जापान वरिपरिको बढ्दो सुरक्षा चुनौतीलाई प्रतिबिम्बित गरेको रक्षा मन्त्रालयका एक अधिकारीले टोकियोमा पत्रकार हरूसँग बताएका छन् ।

### ड्रोन खर्चमा तीन गुणा वृद्धि

बजेट अनुरोधअनुसार विभिन्न प्रकारका मानव रहित सवारी साधन (ड्रोन) मा करिब तीन गुणा खर्च गरेर तीन खर्ब १३ अर्ब येन विनियोजन गर्ने योजना छ ।सन् २०२२ मा रुसले युक्रेनमाथि गरेको आक्रमणपछि ड्रोनको विनाशकारी क्षमता र आधुनिक युद्धमा यसको बढ्दो प्रयोगलाई विश्वभर गम्भीर रूपमा हेरिएको छ ।



यसै क्रममा, जापानले 'शील्ड' भनिने तटीय रक्षा प्रणालीलाई बलियो बनाउन ड्रोन प्रयोग गर्ने योजना अघि सारेको छ । लामो दूरीका 'स्ट्यान्डअफ' मिसाइलहरूलाई शत्रु सेनाले बाइपास गरे पनि शील्ड (सिङ्क्रोनाइज्ड, हाइब्रिड, इन्टिग्रेटेड र एन्हान्स्ड लिटोरल डिफेन्स) प्रणालीले आक्रमणलाई तटीय क्षेत्रमा नै रोक्ने अपेक्षा गरिएको छ । यो प्रणाली सन् २०२८ मार्चसम्म पूरा गर्ने लक्ष्य राखिएको छ, तर कुन तटरेखामा तैनाथ गर्ने भन्नेबारे विवरण अझै खुलाइएको छैन ।

"सेनाको लडाइँ शैलीमा ठूला परिवर्तन ल्याउन आवश्यक छ", रक्षा मन्त्रालयका एक अधिकारीले भने ।यस महिनाको इस्तानबुल भ्रमणका क्रममा रक्षामन्त्री जनरल नाकातानीले टर्कीको ड्रोन खरिद सम्भावनाबारे अनुसन्धान गर्ने सहमति गर्नुभएको जापानी मिडियाले जनाएको छ ।

### अमेरिकाको दबाब र अन्तर र्ष्ट्रिय सहकार्य

जापानमा करिब ५४ हजार अमेरिकी सैनिक तैनाथ छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले पनि टोकियोलाई आफ्नो रक्षा क्षमता अझै बढाउन दबाव दिइरहेको छ ।वासिङ्टन र टोकियो दुवै ताइवानमा सम्भावित चिनियाँ आक्रमण जस्ता खतरालाई ध्यानमा राख्दै आफ्नो सेनालाई थप गतिशील बनाउन प्रयासरत छन् ।जापानले हतियार निर्यात बढाउन पनि खोजिरहेको छ । यसै महिना मात्र, उसले अस्ट्रेलियाली नौसेनाका लागि ११ वटा फ्रिगेट आपूर्ति गर्ने छ अर्ब अमेरिकी डलरको अर्डर पाएको छ ।

### समग्र बजेट

रक्षा मन्त्रालयको बजेट अनुरोध अब वित्त मन्त्रालयमा पेश गरिनेछ । केन्द्र सरकारले आउँदो महिनामा एक विस्तृत बजेट प्रस्ताव सार्वजनिक गर्ने अपेक्षा गरिएको छ, जुन रेकर्ड उच्च हुने अनुमान छ ।

दैनिक योमियुरी सिम्बुनका अनुसार, समग्र बजेट अनुरोध १२२ खर्ब येनभन्दा बढी हुने सम्भावना छ ।

यो चालु वर्षको ११७ खर्ब ६० अर्ब येनभन्दा उल्लेख्य वृद्धि हो ।तर कुल बजेटको ठूलो भाग वृद्धवृद्धाको हेरचाह र जापानको विशाल ऋण व्यवस्थापनमा खर्च हुनेछ । यो विकसित अर्थतन्त्रहरूमध्ये आर्थिक उत्पादनको अनुपातमा सबैभन्दा ठूलो ऋण हो ।

## सन् २०२६ को कोरियाली बजेटः एआई प्रविधिमा ५० अर्ब डलरभन्दा बढी लगानी

सिन्ह्वा

सिओल । दक्षिण कोरियाका नयाँ राष्ट्रपति ली जे-म्युंगको नेतृत्वमा गठित सरकारले सन् २०२६ का लागि भविष्यमुखी तथा प्रविधिमैत्री विस्तारमुखी बजेट प्रस्ताव गरेको छ । उक्त बजेट कृत्रिम बुद्धिमत्ता (एआई) र अनुसन्धान तथा विकास क्षेत्रलाई प्राथमिकता दिने गरी तयार गरिएको हो ।

राष्ट्रपति लीले शुक्रबार मन्त्रिपरिषद्को बैठकको अध्यक्षता गर्दै आफ्नो सरकारको पहिलो पूर्ण वार्षिक बजेट स्वीकृत गर्नुभयो,जसअन्तर्गत सन् २०२६ का लागि कुल ७२८ ट्रिलियन वोन (५२४.२ अर्ब अमेरिकी डलर) खर्च प्रस्ताव गरिएको छ । यो रकम अघिल्लो वर्षको तुलनामा ८.१ प्रतिशतले वृद्धि भएको हो ।

यदि यो बजेट कोरियाली संसदबाट पारित भयो भने, २०२६ को खर्च वृद्धिदर अघिल्ला वर्षहरूभन्दा धेरै हुनेछ । सन् २०२५ मा यो वृद्धिदर २.५ प्रतिशत, २०२४ मा २.८ प्रतिशत र २०२३ मा ५.१ प्रतिशत मात्र थियो ।राष्ट्रपति लीले देशको दीर्घकालीन आर्थिक वृद्धिका लागि एआई, नवीकरणीय ऊर्जा, जैविक चिकित्सा, रक्षा उद्योग र आधुनिक उत्पादन प्रणालीजस्ता क्षेत्रमा लगानी विस्तार गर्नुपर्ने आवश्यकता औंल्याउँदै आउनुभएको छ ।

यस क्रममा, सन् २०२६ का लागि अनुसन्धान तथा विकासको लागि ३५.३ ट्रिलियन वोन (२५.४ अर्ब डलर) छुट्याइएको छ, जुन अघिल्लो वर्षको तुलनामा १९.३ प्रतिशतले बढी हो । यो वृद्धि दक्षिण कोरियाको आधुनिक इतिहासमै सबैभन्दा तीव्र मानिएको छ ।'अत्याधुनिक प्रविधिद्वारा प्रेरित नवप्रवर्तनशील अर्थतन्त्र' निर्माण गर्ने उद्देश्यले ७२ ट्रिलियन वोन (५१.९ अर्ब डलर) बजेट छुट्याइएको छ, जुन गत वर्षको तुलनामा ४१ प्रतिशतले बढी हो ।

त्यसमध्ये, १०.१ ट्रिलियन वोन (७.३ अर्ब डलर) शारीरिक एआईजस्तै एआई रोबोट, एआई सवारीसाधन, एआई जहाज, एआई चिप्स, एआई कारखाना र एआई घरेलु उपकरण विकासका लागि छुट्याइएको छ । बाँकी ४४.३ ट्रिलियन वोन (३१.९ अर्ब डलर) भविष्यका विकास क्षेत्रमा प्रविधि विकास र लगानी कोष निर्माणमा प्रयोग गरिनेछ ।

# कोशी प्रदेश : माछाको उत्पादन बढ्यो

झापा । कोशी प्रदेशमा माछाको वार्षिक उत्पादन बढेको छ । माछापालनको क्षेत्रफल बढेसँगै उत्पादन पनि बढेको हो । तैपनि खपतअनुसारको उत्पादन पर्याप्त हुनसकेको छैन ।

किसान तथा कम्पनीले व्यावसायिक रूपमा पाल्ने माछाका प्रमुख दुई प्रकारमा कार्प र पङ्गास हुन् । दुवै प्रकारका माछापालनको क्षेत्रफल र उत्पादन वृद्धि भएको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयका मत्स्य विकास अधिकृत पार्वती लिम्बूले बताउनुभयो ।

आर्थिक वर्ष २०८१/८२ मा प्रदेशमा दुई हजार ४४२ हेक्टर क्षेत्रफलमा पोखरी बनाएर कार्प जातको माछापालन गरिएको थियो । त्यसअघि आव हजार ३६६ मेट्रिक टनमात्र उत्पादन भएको थियो ।

निर्देशनालयको तथ्याङ्कानुसार प्रदेशमा आव २०८१/८२ मा पङ्गास माछापालन गरिएको पोखरीको सङ्ख्या चार सय १३ र आव २०८०/८१ मा मात्र चार सय पाँच रहेको थियो । आव २०८१/८२ मा यो माछापालन भइरहेको क्षेत्रफल एक सय १० हेक्टर र आव २०८०/८१ मा ७८ हेक्टर रहेको थियो ।

पहाडमा बग्ने सफा पानीमा पालिने रेन्बो ट्राउटको माछापालन भने घटेको छ । आव २०८०/८१ मा ४३ वटा पोखरीमा यो माछापालन गरिएको थियोभने आव २०८१/८२ मा घटेर २९ भएको निर्देशनालयले जनाएको छ ।



२०८०/८१ मा दुई हजार १६ हेक्टर क्षेत्रफलमा मात्र माछापालन गरिएको उहाँले बताउनुभयो । कार्प जातका माछाको उत्पादन बढेको छ । उक्त माछा आव २०८०/८१ मा नौ हजार ३७७ मेट्रिक टन उत्पादन भएको थियोभने आव २०८१/८२ मा उत्पादन बढेर ११ हजार ७६ मेट्रिक टन पुगेको छ ।

उपभोक्ताले रुचाउन माछाको अर्को जात पङ्गासको पनि उत्पादन र माछापालन क्षेत्रफल दुवै वृद्धि भएको छ । पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयले जनाएअनुसार आव २०८१/८२ मा पङ्गास माछा कोशी प्रदेशमा तीन हजार ३९९ मेट्रिक टन उत्पादन भएको थियो । जबकि आव २०८०/८१ मा यो माछा दुई

कोशी प्रदेश सरकारले माछापालनमा जोड दिँदै आएता पनि आवश्यकता धान्ने गरी उत्पादन बढाउन सकेको छैन । मत्स्य विकास अधिकृत लिम्बूले प्रदेशमा प्रतिव्यक्ति वार्षिक ११ केजी ५०० ग्राम माछा उपभोग हुने गरेको बताउनुभयो ।

जबकि आव २०८०/८१ मा उत्पादनको उपलब्धता वार्षिक प्रतिव्यक्ति एक केजी ८०० ग्राम र आव २०८१/८२ मा दुई केजी २६० ग्राम रहेको उहाँले बताउनुभयो । प्रदेशमा खपत भएअनुसारको उत्पादन बढाउन नसक्दा अझै पनि भारतबाट आयातित माछामा निर्भर हुनुपर्ने बाध्यता छ । कोशी प्रदेशका ५६ वटा सिमसार पोखरीमा माछापालन गरिएको छ ।रासस

# परम्परागत आरन पेशासँगै बाँचेका रामकुमार बराइली

भद्रपुर । हल्दीबारी गाउँपालिका-गोलधाप बजार । बिहान सबेरै बजारका पसल क्रमशः खुल्दै थिए । तर एउटा कुनामा रहेको पुरानो पसलभित्र भने ठकठक, टकटक गर्दै फलाम कुटेको आवाज सुनिरहेको थियो । सानो कारखानाभित्र ७० वर्षे रामकुमार बराइली हथौँडाले फलाम पिटीरहनुभएको थियो ।

शरीर कमजोर भए पनि उहाँको अनुहारमा ताजगी र आँखामा झल्किने चमक आज पनि पुरानै छ । कारण- जीवनसाथी जस्तै बनेको आरन, हथौँडा र फलामसँगको नाता । बराइलीको जन्म धनकुटाको

नै कामको कमी कहिल्यै भएन । तर आज उमेरले ७० वर्ष टेक्दा साथीमध्ये कतिले पेसा छाडिसके, कतिले बुढ्यौलीले काम गर्न सकेनन् । बराइली भन्नुहन्छ, “अझै पनि पसलमै दिन बिताउँछन् । बिहान पसल सफा गर्छन्, फलाम तताउँछन् र हातले कुटेर औजार बनाउँछन् ।”

जीवनमा धेरै उतारचढाव देख्नुभएका उहाँ हाल श्रीमतीसँगै गोलधापमा बस्नुहुन्छ । दुई छोरी विवाह गरेर आ-आफ्नो घरमा छन् । एक छोरा भारतीय सेनामा, अर्को दुबईमा वैदेशिक रोजगारीमा छन् । सन्तान बिर्तामोडमा बस्छन् तर बराइलीलाई भने गोलधापकै



पाख्रिबासमा भएको हो ।

बाल्यकालदेखि नै आरन-हथौँडा देखेर हुर्किएका उहाँ २०३४ तिर झापाको साविक गोलधाप बजार आउनुभयो । यहाँ आएपछि उहाँले ‘दुर्गा फलाम रिपयरिङ सेन्टर’ नामक पसल खोजेर कुखुरी, बञ्चरो, हँसिया, चुलेसीजस्ता दैनिक जीवनमा प्रयोग हुने औजार बनाउन थाल्नुभयो । “धान रोप्ने बेला किसान हँसिया ‘माग’ गर्न आउँथे, मकै टिप्ने बेला चुलेसी बनाइदिन भन्थे । कसैको घरमा चक्कु बिग्रियो भने मर्मतका लागि यही पसल खोजिन्थ्यो”, बराइली भन्नुहुन्छ ।

बराइलीका अनुसार सुरुदेखि पसल प्रिय छ ।

“मेरो जीवन यही आरनमै बित्यो, यही मेरो घर हो”, बराइली भावुक हुँदै भन्नुहुन्छ । तर उहाँसँगै यो सीप हराउने डर पनि बढेको छ । “छोरानाति कसैले सिक्न चाहेनन्, सबैको सपना सहर वा विदेशमै छ । अब मेरोपछि यो काम सकिने भयो,” उहाँले दुःखेसो पोख्नुभयो ।

बराइलीमात्र होइन, देशभर परम्परागत सीप बोकेका कारिगर लोपोन्मुख अवस्थामा छन् । बढैया, शिल्पी, कामी वा लोहारसबैलाई आधुनिक उपकरण र बजार संस्कृतिले विस्थापित गरिरहेको छ । रासस

# महिलाको छविमा सकारात्मक परिवर्तनमा मिडिया

काठमाण्डु । नेपाली राजनीतिमा महिलाको उपस्थिति र योगदानलाई इतिहासका प्रत्येक कालखण्डमा फर्केर हेर्दा अर्थपूर्ण बलिदान र सहभागिता स्पष्ट देखिन्छ । तर दुर्भाग्यवश, राज्य र समाजले कहिल्यै पनि महिलाको योगदानलाई न्यायोचित र उचित ढङ्गले मूल्याङ्कन गर्न सकेको छैन । विसं २००७ देखि २०४६ को जनआन्दोलन, २०६२/६३ को जनआन्दोलन हुँदै माओवादी जनयुद्धसम्म महिलाले गरेको सङ्घर्ष र पुऱ्याएको योगदान अनि देखाएको साहस नेपाली समाजमा मात्र नभएर दक्षिण एशियामै उदाहरणका रुपमा लिने गरिन्छ ।

नेपाली राजनीतिक इतिहासका हरेक निर्णायक क्षणमा महिलाको भूमिका अत्यन्तै महत्वपूर्ण रहँदै आएको छ । तर उनको योगदानलाई राज्यले वा समाजले न्यायोचित मूल्याङ्कन भने गर्न सकेको छैन । विसं २००७ को प्रजातान्त्रिक आन्दोलनमा महिलाले गोप्य बैठक सञ्चालन गरेकोदेखि प्रचारप्रसार, राजनीतिक सामग्री वितरणसम्म महत्वपूर्ण भूमिका खेलेका थिए । मङ्गलादेवी सिंह, शैलजा आचार्यजस्ता नेत्रीहरूले जेल सजाय भोग्दै प्रजातन्त्र ल्याउन योगदान गरे ।

विसं २०४६ को जनआन्दोलनमा महिलाको सहभागिता निर्णायक रह्यो । विद्यार्थी, गृहिणी, कर्मचारी सबैले सडकमा उत्रिएर बहुदलीय व्यवस्था स्थापनामा हातेमालो गरेका थिए । यस क्रममा कैयौँ महिलाले गिरफ्तार र यातना सहनुपरेको थियो । दश वर्षे माओवादी जनयुद्ध (२०५२-२०६२ साल) मा झण्डै ३०-४० प्रतिशतसम्म महिला प्रत्यक्ष रूपमा सहभागी भए । गाउँघरका साधारण युवतीदेखि शिक्षित महिला नेत्रीसम्मले बन्दुक बोकेर युद्ध मैदानमा उत्रिनु उनीहरूको योगदानलाई अझ विशेष बनाउँछ । तर त्यही युद्धमा हजारौँ महिला आन्तरिक रुपमा विस्थापित, विधवा र हिंसापीडित पनि भए ।

दोस्रो जनआन्दोलन २०६२/६३ मा महिलाले अग्रपङ्क्तिमा उभिएर राजतन्त्र अन्त्य र गणतन्त्रको बाटो खुलाउन निर्णायक दबाब सिर्जना गरे । सडक प्रदर्शन, मानव सञ्जाल र पत्रकारितामा महिलाले देखाएको सक्रियता परिवर्तनलाई सफल



बनाउन टेवा पुऱ्यायो । यसरी प्रजातन्त्रदेखि गणतन्त्रसम्मको यात्रामा महिलाको सहभागिता र बलिदान अपरिहार्य रहेको छ । तर यी योगदानलाई इतिहासमा उचित स्थान दिन नसकिएको तथ्यले अब पनि हाम्रो समाज र सञ्चारलाई गम्भीर प्रश्न गर्छ । महिलाले पुऱ्याएको योगदानलाई वास्तविक मूल्याङ्कन गर्नु आजको आवश्यकता हो ।

राणा शासनविरुद्धको आन्दोलनमा पुरुषसँगै महिलाले आन्दोलन गरेका थिए । साहना प्रधान, मङ्गलादेवी सिंह यसका जीवन्त इतिहास हुन् । विसं २००७, २०३६ को जनमत सङ्ग्रह नेपालको सबै परिवर्तनको आन्दोलनमा महिला पुरुषसँगै सडकमा उत्रिएर जनतामा चेतना जगाउनेदेखि २०४६ सालको जनआन्दोलनमा विद्यार्थी, शिक्षक, कर्मचारीसँगै साधारण गृहिणीसमेत सडकमा आएको दृश्य अहिले पनि आँखैमा ताजा छन् । हरेक आन्दोलनका क्रममा धेरै महिलाले गिरफ्तार र यातना सहनुपरेको छ । दश वर्षे जनयुद्ध २०५२-२०६२ माओवादी जनयुद्धमा करिब ३०-४० प्रतिशतसम्म महिला सहभागिता रहेको तथ्याङ्कले भन्छ । हजारौँ महिलाले बन्दुक बोके, नेतृत्व तहमा भूमिका खेले, युद्धको सङ्ग्राममा सँगै लड्नेदेखि वैचारिक बहसमा उल्लेख्य भूमिका खेले ।

> “
> सामाजिक सञ्जालमार्फत महिलामाथि हुने चरित्र हत्या, अपमानजनक टिप्पणी र झुठो प्रचार अझ बढ्ने सङ्केत देखिन्छ । यसको रोकथामको निम्ति पनि सक्रिय व्यक्ति दल संघसंस्था नागरिक समाज सबै सरोकार निकाय सचेत हुन जरुरी छ ।

तत्कालीन राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनविरुद्धको आन्दोलनमा महिला अग्रपङ्क्तमा थिए । महिलाको योगदान र सङ्घर्ष सडक आन्दोलन, भूमिगत सङ्घर्ष, सङ्गठन निर्माण, प्रचारप्रसार, राजनीतिक नेतृत्व सबै तहमा समान छ तर के यी योगदान र इतिहासलाई हाम्रो सञ्चारमाध्यमले उचित रूपमा सम्मानजनक स्थान दिन सकेको छ त ? अब यी विषयमा गहिरिएर पुनःविचार छलफल गर्दै अब २०८४ सालमा हुन गइरहेको निर्वाचनमा कसरी बढीभन्दा बढी महिलालाई समेट्न सकिन्छ भन्नेतर्फ सञ्चारमाध्यम सचेत हुन जरुरी छ ।

बन्दुक बोकेर १० वर्षे जनयुद्ध ताका काखमा दूधे बच्चा लिएर हिँडेका महिला होस् अथवा सिंहदरबारअघि माइतीघर मण्डलामा उभिएर न्याय मागिरहेकी महिला अथवा संविधान लेखन प्रक्रियामा प्रत्यक्ष/अप्रत्यक्ष भूमिका खेलेका ती तमाम महिलाको भूमिका अविस्मरणीय छ । यी सबै नेपालले प्राप्त गरेका महत्वपूर्ण उपलब्धिहरु हुन् । हिजोको दिनमा महिला आफू माथि भइरहेको अन्यायको विरोधमा एकै शब्द बोल्न सक्दैनथे तर आज अवस्था अर्कै छ । जो विश्वसामु यो देशले भन्न सक्छ मैले महिलालाई राष्ट्रपति, प्रधानन्यायाधीश, सभामुखलगायत राज्यका उच्च स्थानमा पुऱ्याउन सफल भएको छ । यो महिलाको सरोकारको मुद्दामा देशले हासिल गरेको सफलता हो । यति हुँदाहुँदै पनि प्रश्न उठ्छ, माथि उल्लेखित सफल नामहरुको पछि आउन चाहने अन्य नामलाई नेपाली सञ्चार माध्यमले अबको दिनमा कस्तो ढङ्गले उठान गर्ने ? यसरी हेर्दा महिलाको विषयमा सञ्चार माध्यम अझै संवेदनशील हुन जरुरी छ । त्यसो त लोकतन्त्रमा जनताले आफ्नो मत राख्नु पाउनु अनिवार्य सौन्दर्य हो । तर कुरा जब महिलाको आत्मसम्मान, हक र मानसिक स्वास्थको आउँछ, अझै नेपाली समाज संयम हुन जरुरी छ ।

वर्तमान समय सञ्चारमाध्यम र सामाजिक सञ्जालको प्रभावबाट सबैभन्दा बढी महिला पीडामा छन् । उनीहरुको मानसिक स्वास्थ्यका विषयमा नेपाली मिडियामा गम्भीर रुपले चर्चा भएकै छैन । राजनीतिमा क्रियाशील महिला यी सबै अवस्थाबाट गुज्रिन बाध्य छन् । व्यक्तिको चरित्रसँग गाँसिएर आएका समाचारका कारण राजनीतिक नेतृत्व, सामाजिक जीवनमा असर, मानसिक स्वास्थ्यमा असर समान अवसर गुम्नेजस्ता समस्या हुने गर्दछन् । अझै पनि महिलाका विषयमा केन्द्रित समाचार प्रमुख समाचार हुँदैनन् । आइहाले पनि महिलाको चरित्रसँग गाँसिएका समाचारलाई बढी प्राथमिकतामा राखिन्छ । गलत सूचना र पूर्वाग्रही प्रस्तुतीकरणकै कारण महिलाको छवि कमजोर बनाइएको अवस्था कैयौँ छ । उदाहरणका लागि, पहिलो संविधानसभा चुनावपछि महिलाको सक्रिय उपस्थितिलाई ‘चुरा बेच्दाबेच्दै सांसद’ भन्ने जस्ता समाचार शीर्षकले हल्का तुल्याइयो । यसले महिलाको राजनीतिक छविलाई मात्र नभई आमसमाजमा उनीहरूप्रतिको दृष्टिकोणमा परिवर्तन गर्न महिलाले ठूलो प्रतिस्पर्धा गर्नुपऱ्यो र आजसम्म परिरहेको छ ।

नेपालको संविधान २०७२ सालले ३३ प्रतिशत महिला सहभागिताको प्रावधान गरेको भए पनि प्रत्यक्ष चुनावमा महिलाको सङ्ख्या न्यून नै छ । पछिल्लो प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्षतर्फ केवल नौ जना मात्र महिला निर्वाचित भए भने अधिकांश समानुपातिक सूचीबाट आए । यसले के कुरालाई देखाउँछ भने दलहरूले सङ्ख्यात्मक प्रावधान मात्र पूरा गर्न महिलालाई उम्मेदवार बनाएको हो कि झैँ लाग्छ । विसं २०८४ मा हुने जाँदै गरेको निर्वाचनमा सबै दलले महिलालाई समान हैसियत, प्रतिस्पर्धी क्षेत्रमा उम्मेदवार बनाउने अवस्था सिर्जना हुनका लागि सञ्चारमाध्यमले अहिलेबाटै समान र सकारात्मक भूमिका खेल्न जरुरी छ ।

आगामी २०८४ को निर्वाचन केवल दल वा उम्मेदवारबीचको प्रतिस्पर्धा मात्र होइन, सूचना र गलत सूचनाबीचको प्रतिस्पर्धा पनि हुनेछ । सामाजिक सञ्जालमार्फत महिलामाथि हुने चरित्र हत्या, अपमानजनक टिप्पणी र झुठो प्रचार अझ बढ्ने सङ्केत देखिन्छ । यसको रोकथामको निम्ति पनि सक्रिय व्यक्ति दल सङ्घसंस्था नागरिक समाज सबै सरोकार निकाय सचेत हुन जरुरी छ । महिलालाई उमेदवार बनाउँदा केवल कोटा भर्ने सोचबाट होइन, हिजोको दिनमा गणतन्त्रका निम्ति आआफ्नो तहबाट पुऱ्याएको योगदानका आधारमा योग्य नेत्रीलाई अगाडि ल्याउन सबै राजनीतिक पार्टीहरुको सकारात्मक भूमिका हुन जरुरी छ । रासस

## जनकपुरधाम उपमहानगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
**जनकपुरधाम, धनुषा**

**मधेश प्रदेश, नेपाल**

## फोहोरमैला व्यवस्थापन स्थलका लागि जग्गा बहालमा दिनका लागि निवेदन माग गरिएको सूचना

**(दोस्रो पटक प्रकाशित मिति २०८२।०५।१३ गते)**

यस जनकपुरधाम उप-महानगरपालिका क्षेत्रमा दैनिक उत्पादन हुने फोहोरमैलाको व्यवस्थापन गर्नका लागि जग्गा आवश्यक भएकोले उप-महानगरपालिकालाई जग्गा दिन इच्छुक यस ज.उ.म.न.पा. क्षेत्रभित्रका जग्गाका जग्गाधनीहरुवाट देहायका शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिवाट ७ दिनभित्र (मिति २०८२।०५।१९ गते) यस कार्यालयमा निवेदन दिन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरू:**

१. जग्गा एकै ठाउँमा हुनु पर्ने छ । साँध सीमाना मिल्दो जग्गा भए फरक फरक जग्गाधनीहरु मिलेर पनि आवश्यक जग्गा दिने गरि निवेदन दिन सकिनेछ ।
२. निवेदनका साथमा नेपाली नागरिकताको प्रमाणपत्र, जग्गा धनी दर्ता प्रमाणपत्र, चालू आ.व.को मालपोत तिरेको रसिद, जग्गाको नक्सा संलग्न राखि जग्गाधनी स्वयंम यस कार्यालयमा उपस्थित भै निवेदन दिनु पर्नेछ । स्वयम उपस्थित हुन नसक्ने जग्गाधनीले प्रचलित कानुन बमोजिम प्रतिनिधि तोकी पठाउनु पर्नेछ।
३. जग्गाले बस्ती समुदाय, विद्यालय, बाटोघाटो, कुलोपैनी, मसानघाट, सार्वजनिक जग्गा, चरनक्षेत्र, वन क्षेत्र, सार्वजनिक/सामुदायिक भवन, कार्यालयहरु, नदीनाला आदिको क्षेत्र अतिक्रमण नगरेको, जग्गाको स्वामित्व तथा हकभोग सम्बन्धमा कुनै करकिचलो नभएको, मोही नभएको, गाडी जान सक्ने बाटो र वस्ती तथा विद्यालय भन्दा कम्तीमा एक किमी. टाढा रहेको हुनुपर्नेछ ।
४. निवेदनमा जग्गा कुन दरमा दिन सक्ने हो स्पष्ट हुने गरि अंक र अक्षरमा खुलेको हुनुपर्नेछ ।
५. यस सम्बन्धमा थप कुरा बुझ्नुपर्ने भएमा कार्यालयमा सम्पर्क गर्न सकिने छ।

**प्रमुख प्रशासकीय अधिकृत**

## लोहारपट्टी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
**लोहारपट्टी, महोत्तरी**

**मधेश प्रदेश, नेपाल**

## मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२।०५।१४**

यस नगरपालिकाको लागि आ.व. ०८२।८३ मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०८०/०८१ को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०८१/०८२ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०८१/०८२ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ ।

**तपसिल**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा
७. फलफुल विरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणाहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम
१४. इन्धन आपूर्ति गर्ने काम

# वार्ता निष्कर्षविहीन, कडा आन्दोलन गर्ने चेतावनी

टुडे समाचारदाता

जनकपुरधाम । सरकार र पीडित उखु किसानबीचको वार्ता निष्कर्षविहीन भएपछि उखु किसानहरुले कडा आन्दोलन गर्ने चेतावनी दिएका छन् ।

सिंहदरवारमा शुक्रबार भएको उखु किसानहरुसंगको वार्ता निष्कर्षविहीन टुंगिएपछि उनीहरु थप आन्दोलनको कार्यक्रम तय गरी सडक तताउनेतर्फ केन्द्रित हुने भएको छ।

काठमाण्डु केन्द्रित आन्दोलन गरेका उखु किसानले शुक्रबार कृषि तथा पशुपन्छी विकास मन्त्री रामनाथ अधिकारीसँग वार्ता गरेका थिए। वार्ताका क्रममा उखु किसानहरूले प्रति क्वीन्टल ७० रुपैयाँ अनुदान नदिएमा भदौं २५ गतेदेखि तराई-मधेशको हाइवे केन्द्रित आन्दोलन गर्ने चेतावनी दिएका छन् । उखु किसान संघर्ष समितिका प्रवक्ता उमेश यादवले मन्त्रीलाई १० दिने अल्टिमेटम दिइएको थियो। 'मन्त्रीजीलाई दस दिने अल्टिमेटम दिएको बताए । उनले त्यस अवधिमा हाम्रा माग पूरा नगरिए तराईको हाइवे केन्द्रित आन्दोलन गर्ने बताए ।

उनले मन्त्री अधिकारीले आगामी मन्त्रिपरिषद् बैठक प्रस्ताव लैजाने आवश्वासन दिएको बताए।

वार्तामा आफूहरूले प्रतिक्वीन्टल ७० रुपैयाँ अनुदान दिनुपर्ने माग राखेको प्रवक्ता यादवले बताए। कृषि मन्त्रालयको वार्षिक बजेटमा २ अर्ब रुपैयाँ उखु किसान अनुदान दिने भनेर छुट्याउँदा अर्थ मन्त्रालयले बजेट रोकेको उनको आरोप छ।




# 'हैजाको भ्याक्सिन लगाउनका लागि पहल गर्नेछु'

टुडे समाचारदाता

वीरगञ्ज । नेपाली कांग्रेसका महामन्त्री गगन थापाले वीरगञ्जमा हैजाको भ्याक्सिन लगाउनका लागि सरकारासंग पहल गर्ने जनाएका छन् । वीरगञ्जमा शुक्रबार हैजा तथा झाडापखालाका बिरामीको अवस्था बुझ्न अस्पताल आइपुगेका थापाले त्यसपछिआयोजितसरोकारवालाहरूसँगको भेटघाट तथा छलफल कार्यक्रममा यस्तो बताएका छन् ।

पूर्वस्वास्थ्यमन्त्री थापाले भने, 'हैजा विरुद्ध भ्याक्सिनको आवश्यकता भए म त्यसका लागि आवश्यक पहल गर्ने छु,' उनले भने, 'विश्व स्वास्थ्य संगठन तथा संघीय स्वास्थ्य मन्त्रालयसँग तत्कालै समन्वय गरेर यहाँ भ्याक्सिन सञ्चालन गर्न आवश्यक पहल गर्ने छु ।'

कोरोनाकालमा संघीय सरकारले वीरगञ्ज भन्सार परिसरमा निर्माण गरेको होल्डिङ सेन्टर प्रयोगमा ल्याउन आवश्यक देखिए आफूले त्यसका लागि पहल गर्ने थापाले प्रतिवद्धता जनाए । उनले भने, 'यहाँ समुदायस्तरमै कोरोना फैलिएर नारायणी अस्पतालले चाप थेग्न नसके यहाँस्थित होल्डिङ सेन्टर प्रयोगमा ल्याउन आवश्यक पहल गर्ने छु,' उनले अघि थप्दैं भने, 'अस्पतालले झाडापखाला र हैजाका सबै बिरामीलाई निःशुल्क र गुणस्तरीय सेवा दिनु पर्छ ।'

महामन्त्री थापाले नारायणी अस्पतालको ५ सय शय्याको भवन हालसम्म निर्माण हुन नसकेकोमा दुःख व्यक्त गर्दै प्राविधिक कारणले उक्त भवन निर्माणको काम अड्कएकोमा चिन्ता व्यक्त गरे । 'हाम्रै दलका नेता स्वास्थ्य मन्त्री हुनुहुन्छ,' महामन्त्री थापाले भने, 'मैले प्रदीप पौडेल मन्त्री हुनुभएको पहिलो दिनमै नारायणी अस्पतालको भवन निर्माण कार्यलाई प्राथमिकतामा राख्न उहाँलाई सुझाव दिएका थिए ।'

महामन्त्री थापाले नारायणी अस्पतालको सरसफाइ कार्यलाई प्राथमिकतामा राख्न अस्पताल व्यवस्थापनलाई सुझाव दिए । 'म स्वास्थ्य मन्त्री हुँदा वीर अस्पतालको सरसफाइ गर्न नसकेको कुरा स्विकारेको छु' उनले भने, 'हैजाको प्रकोप फैलिएको समयमा नारायणी अस्पतालको पनि सरसफाइ आवश्यक रहेको मैले देखे ।'

यसअघि अस्पतालमा भर्ना रहेका झाडापखाला र हैजाका बिरामीलाई भेटेर उनीहरूको स्वास्थ्य अवस्थाबारे महामन्त्री थापाले जानकारी लिएका थिए ।



# ठगी आरोपमा शर्मा पक्राउ

टुडे समाचारदाता

जनकपुरधाम । लोकतान्त्रिक समाजवादी पार्टी नेपाल मधेश प्रदेशका संसदीय दलका नेताबाट निलम्बित भइ फरार सूचीमा रहेका अभिराम शर्माका छोरा मानषराज शर्मालाई ठगी आरोपमा काठमाण्डु प्रहरीले पक्राउ गरेको छ ।

सामाजिक सञ्जालमार्फत प्रलोभनमा पार्नका लागि धाकधम्की र डर त्रास देखाइ ब्लैकमेल गरी पटकपटक बैंकमार्फत रकम रकमान्तर गर्न लगाएको एवं ठगी गरेको भन्दै आरोपित शर्मामाथि पीडितले नेपाल प्रहरी प्रधान कार्यालय साइबर ब्यूरोमा दिएको निवेदनको आधारमा पक्राउ गरेको जनाइएको छ ।

ब्यूरोमा दिएको निवदेनको आधारमा प्रारम्भिक प्राविधिक अनुसन्धान तथा विश्लेषणबाट महोत्तरीको जलेश्वर नगरपालिका वडा नम्बर ७ का २२ वर्षीय शर्मामाथि विद्युतीय माध्यमसम्बद्ध ठगी अन्तर्गतको कसुरमा भदौं ८ गते नियन्त्रणमा लिएको साइबर ब्यूरोका प्रवक्ता तथा सूचना अधिकारीसमेत रहेका प्रहरी उपरीक्षक दीपराज अवस्थीले जानकारी दिए ।

ब्यूरो टोलीले काठमाण्डु महानगरपालिका वडा नम्बर ९ स्थित रातोपुलबाट आरोपित शर्मालाई पक्राउ गरी काठमाण्डु जिल्ला अदालतको आदेशले पाँच दिनको म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको सूचना अधिकारी अवस्थीले बताए ।

# जंजाल बन्दै ई-रिक्सा

ब्लग :



श्यामसुन्दर शशि

वातावरण प्रदुषणको विकल्प भनिएको विद्युतीय रिक्सा (ई-रिक्सा) अचेल जनकपुरधामको लागि जंजाल बनेको छ । जनकपुरधामको सडक र जनसंख्याको अनुपातमा कैयौं गुणा अधिक संख्यामा संचालित ई-रिक्साको कारण नगर कुरुप बनेको छ। सडक दुर्घटना, दैनिक गाली-गलौज, कुटपिटको घटना घट्न थालेका छन् । चालकहरुको अपमानपूर्ण व्यवहार तथा मोलमोलाइका कारण सेवाग्राही वाक्कदिक्क छन् । जनकपुरधाम उपमहानगर पालिका, ट्राफिक कार्यालय, जिल्ला प्रहरी कार्यालय तथा यातायात कार्यालय जस्ता नियामक निकायहरु मूकदर्शक बनेका छन् । गज्जब त के पनि छ भने ७० प्रतिशत भन्दा अधिक ई-रिक्साचालकसंग लाइसेन्स नै छैन र पनि उनीहरु वर्षौंदेखि ई-रिक्सा संचालन गर्दै छन्। चोक चोकमा मोबाइल खेलाएर बस्ने ट्राफिक पुलिस शुभ लाभको हिसाबमै व्यस्त हुन्छन् ।

एक अनुमान अनुसार, जनकपुरधामको सडकमा झण्डै १० हजार ई-रिक्सा र टेम्पोलगायतका साना सवारी साधनहरु गुड्ने गरेका छन् । जनकपुरधाम उपमहानगरपालिकाबाट प्राप्त अनौपचारिक जानकारी अनुसार ई-रिक्सा संचालन तथा रुट निर्धारण प्रयोजनको लागि १ हजार ४ सय निवेदनदर्ता भएको छ । लगभग १ हजारले अनुमति पनि लिएका छन् । तर जनकपुरधाम नगर क्षेत्रमा १० हजार ई-रिक्सा संचालनमा रहेको अनुमान गरिएको छ। जनकपुरधामबाहिर दर्ता भएका ई-रिक्सा पनि नगर क्षेत्रमा संचालन हुन्छ। तर यसलाई नियन्त्रण गर्ने निकाय मौन छ। सवारी साधन खरिद गर्ने बेला प्राप्त भैटसहितको बिलको आधारमा यातायात कार्यालयले सवारी साधन दर्ता गर्दछ । दर्ता भएका सवारी साधनको रुट निर्धारण भने सम्बन्धित पालिकाको सिफारिसमा यातायाता कार्यालयले गर्ने गरेको थियो । तर पछिल्लो पटक जनकपुरधाम उपमहानगरपालिकाले नगर क्षेत्रभित्र संचालन हुने साना सवारी साधनहरुको दर्ता स्वयं गर्न थालेको यातायात कार्यालय श्रोतले जानकारी दियो ।

सवारी साधन दर्ता तथा राजस्व संकलन गर्ने जनकपुरधाम उपमहानगरपालिकाले केही ठाउँमा ई-रिक्सा स्टेण्ड निर्धारण गरे पनि व्यवस्थित गर्न सकेको छैन । जिल्ला ट्राफिक कार्यालयबाट खटेका सुरक्षाकर्मीहरु सडक व्यवस्थापन भन्दा पनि फाइन असूली गरेर कमिसन बटुल्नुलाई प्राथमिकता दिएका छन् । नगर बाहिर र भित्र सिटी बजाएर मोटरसाइकल तथा ई-रिक्सा रोक्न लगाइ जायज/नाजायज असुली गर्ने जनपथ प्रहरी पनि सडक व्यवस्थापनलाई खासै महत्व दिँदैनन् ।

घटना भदौं १२ गते बिहीबार अपरान्ह सवा ६ वजेको हो । जनकपुरधाम १ सीता चोक ई-रिक्साले भरिभराउ थियो । पैदलयात्रीलाई समेत हिड्डुल गर्न कठिन थियो । हर्नको चर्को आवाजले पसलेहरु हैरान थिए। त्यतिकैमा रेल्वे स्टेशन प्रहरी चौकीको भैन त्यहाँ आइपुग्यो । भैनभित्र प्रहरी चौकीका एकजना सई वा असई पनि थिए। जो मोबाइल खेलाएर बसेका थिए। भैनबाट एक जना सादा पोशाकको प्रहरी उत्रे। बाटोमै खोलिएको एउटा कुखुरा पसलबाट मासु लिए अनि गाडीमा चढेर पुनः फिर्ता प्रहरी चौकी गए । यद्यपि प्रहरीको भैनलाई पनि सीता चोक पार गर्न हम्मे परेको थियो । तर प्रहरीले ई-रिक्साचालकसंग एक शब्द बोलेनन् । हाकिमसाहेब मोवाइल खेलेर बसिरहनु भयो ।

कायापलट र विकल्प नेपालनामक संस्थाले हालै मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहलाई मधेशमा ई-रिक्साको अवस्थाबारे गरेको सर्वेक्षणको नतिजा हस्तान्तरण गरेको थियो। सर्वेक्षण रिपोर्टमा उल्लेख भए अनुसार, वीरगञ्ज महानगरपालिका र जनकपुरधाम उपमहानगरपालिकामा संचालित ई-रिक्साका ७० दशमलव ७ प्रतिशत चालकसँग लाइसेन्स छैन । ३० दशमलव ३ प्रतिशत चालकसंग मात्र लाइसेन्स छ । गज्जब त के पनि छ भने दुवै सहरका ५२ दशमलव ३ प्रतिशतले लाइसेन्सको आवेदनसमेत दिएका छैनन् ।

सवारी साधनचालकहरुले सवारी साधन, स्वयं आफ्नो तथा यात्रीहरुको बीमा गर्नु पर्ने प्रावधान छ। तर लाइसेन्स नै नभएको कारण अधिकांश ई-रिक्साचालक बीमा समेत गराएका छैनन् । अर्थात् कथंकदाति दुर्घटना भयो भने चालक, यात्री वा दुर्घटनामा परेकाहरुको भगवान नै मालिक हुने छन् ।

सवारी दुर्घटनाको क्षेत्रमा पनि मधेश प्रदेश अब्बल छ । मधेश प्रदेश प्रहरी कार्यालयको अभिलेख अनुसार, मधेशका ८ जिल्लामा आर्थिक वर्ष २०७९/०८० मा ५ हजार ९ सय ८८ वटा सवारी दुर्घटना हुँदा ५ सय ४६ जनाले ज्यान गुमाएका थिए भने ९ हजार ६ सय ७० जना घाइते भएका थिए। आर्थिक वर्ष २०८०/०८१ मा ६ हजार ५८ वटा सवारी दुर्घटना हुँदा ५ सय ३० जनाले ज्यान गुमाएका थिए भने ९ हजार ७ सय ४५ जना घाइते भएका थिए। गत आर्थिक वर्ष २०८१/०८२ मा ७ हजार ४ सय ४३ वटा सवारी दुर्घटना भयो जसमा ५ सय ६४ जनाले ज्यान गुमाएका थिए भने १२ हजार १ सय २३ जना घाइते भएका थिए।

हामी सबैलाई थाहा छ, भारतमा ६०/७० हजार भारतीय रुपैयाँमा पाइने मोटरसाइकलको मूल्य नेपालमा ३ लाखसम्म हुन्छ। तीन पाङ्ग्रे र चार पाङ्ग्रे सवारीसाधनको खरिद बिक्रीबाट सरकार वर्षमा खर्बौं राजश्व संकलन गर्छ अतः चर्को राजस्व संकलन गर्ने उद्देश्यले सवारी साधन दर्तामाथि नियन्त्रण गरिदैन । तर कुन सडकका लागि कुन प्रकृतिका कुन सवारी साधन कति चाहिने हो ? त्यो राज्यको जिम्मेवारी हो। संघ, प्रदेश र स्थानीय सरकारले सडकको प्रकृति अनुसार यसको जिम्मेवारी लिनु पर्ने हो । नगर क्षेत्रभित्र संचालन हुने सवारी साधन व्यवस्थापनको जिम्मा स्थानीय सरकारको हो भने चालकसंग लाइसेन्स भएन भएको चेक जाँच गर्ने जिम्मेवारी ट्राफिक कार्यालयको हो । सर्वेक्षणले देखाए अनुसार ७० प्रतिशत लाइसेन्स नभएका ई-रिक्साचालकहरु सडकमा गाडी गुडाउनु भनेको ट्राफिक कार्यालयको चरम लापरवाही हो ।

जनकपुरधाम उपमहानगरपालिकाले नगर क्षेत्रभित्र संचालित सार्वजनिक यातायातका साधनहरुको तथ्यांक, चालकहरुको विवरण, रुट निर्धारण तथा पार्किङको व्यवस्था गर्नु आवश्यक देखिन्छ । किनभने जनकपुरधाम भ्रमण गर्न आउने धार्मिक पर्यटकहरुलाई गन्तव्यसम्म पुऱ्याउने काम पनि यिनै ई-रिक्साचालकहरुले गर्दै आएका छन् । अतः पर्यटक बोक्ने यस्ता ई-रिक्साचालकहरुका लागि तालिम, पोशाक तथा परिचयपत्र अनिवार्य गर्नु पर्दछ।





# हतियारसहित दुईजना पक्राउ

टुडे समाचारदाता

मलंगवा। सर्लाहीमा पेस्तोलसहित दुई युवकलाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा रामनगर गाउँपालिका-७ स्थित सिसौटका २५ वर्षीय किसन महरा र बागमती नगरपालिका-४ स्थित जिरायतका १८ वर्षीय श्याम महरा रहेका छन्।

सिसौटका किसन महरासहितका मानिस हातहतियार गोलीगठ्ठा आफ्नो साथमा राख्ने गरेको सूचना पाएपछि प्रहरीले केही दिनदेखि उनीमाथि निगरानी बढाएको थियो।

किसनलाई भारतको सोनवर्षाबाट बीआर ०६ डिएम ९५२३ नम्वरको मोटरसाइकलमा सर्लाही सदरमुकाम मलङ्गवातर्फ आउँदै गर्दा नियन्त्रणमा लिएर सोधखोज गर्दा बागमती नगरपालिका-१२ स्थित बागमती नदी किनारमा लुकाएर राखेको एक थान कटुवा पेस्तोल बरामद भएको सर्लाही प्रहरीका सूचना अधिकारी एवम् प्रहरी नायब उपरीक्षक सरोज राईले जानकारी दिए। डिएसपी राईका अनुसार किसनलाई मलंगवाबाट पक्राउ गर्दा आफूसँग भएको हतियार जिरायतका श्याम महरालाई राख्न दिएको बताए।

त्यसपछि श्यामलाई समेत घरबाटै नियन्त्रणमा लिएर सोधपुछ गर्दा बागमती नदी किनारमा लगेर लुकाइराखिएको हतियार देखाएका डिएसपी राईले बताए। सर्लाही प्रहरीले दुवै युवकविरुद्ध सर्लाही जिल्ला अदालतबाट हातहतियार तथा खरखजना मुद्दामा १० दिन म्याद थप गरी अनुसन्धान अघि बढाएको छ।

# महेन्द्र विन्देश्वरी क्याम्पसमा तालाबन्दी




टुडे समाचारदाता

राजविराज । सप्तरीको राजविराजस्थित महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसको शिक्षाशास्त्र संकाय र परीक्षा शाखामा शुक्रबार तालाबन्दी गरिएको छ । गत बिहीबार बीएड चौथो वर्षको नतिजामा सबै विद्यार्थीलाई प्रयोगात्मक परीक्षामा अनुपस्थित देखाएपछि उनीहरु आक्रोशित भएर विद्यार्थीहरुले नै तालाबन्दी गरेका छन् ।

शिक्षाशास्त्र संकायका प्रमुख रामअषिश यादव र परीक्षा शाखाका प्रमुख चन्देश्वर यादवको स्वार्थ पूरा नहुँदा प्रयोगात्मक परीक्षाको अंक समावेश नगराएको स्वतन्त्र विद्यार्थी युनियन राजविराज क्याम्पसका सभापति रञ्जितकुमार यादवको आरोप लगाए ।

सभापति यादवले आफूहरुले बाध्यतावश दुवै शाखामा तालाबन्दी गरेको बताए । उनले नतिजामा अंक समावेश नगराएसम्म तालाबन्दी जारी राख्ने बताए । तालाबन्दीले परीक्षा शाखाका कर्मचारी भित्रै थुनिएका छन् भने विद्यार्थी शाखा अगाडि धर्ना बसिरहेका छन् ।

क्याम्पस प्रमुख सुशीलचन्द्र कर्णले प्रयोगात्मक परीक्षाको अंक समावेश गराउनका लागि समन्वय भइरहेको बताए । बीएड चौथो वर्षमा एक सय ३० जना विद्यार्थी परीक्षामा सहभागी थिए ।

# जापानिज इन्सेफ्लाइटिस नियन्त्रण अभियान शुरु

टुडे समाचारदाता

वीरगञ्ज । पछिल्लो समय जापानिज इन्सेफ्लाइटिस सङ्क्रमण बढ्दै गएपछि वीरगञ्ज महानगरपालिकाले विभिन्न स्थानका पशुपन्छी फार्ममा विशेष अनुगमन तथा जनचेतनामूलक अभियान सञ्चालन गरिएको छ ।

वीरगञ्ज महानगरको वडा नं १९ स्थित बरवा र वडा नं २२ स्थित मनियारीका सुँगुर तथा बंगुर फार्ममा गरिएको अनुगमनका क्रममा किसान र स्थानीयलाई रोगको जोखिमबारे सचेत गराइएको छ । अभियानमा कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखा, वन पर्यावरण शाखा र महानगर प्रहरी बलको संयुक्त टोली सहभागी थियो ।

सुंगुरपालन क्षेत्रमा रोगको सम्भावना बढी हुने भएकाले सरसफाइमा निरन्तर ध्यान दिन, पानी जम्न नदिन, मलमूत्रको उचित व्यवस्थापन गर्न तथा लामखुट्टे नियन्त्रणका उपाय अपनाउन किसानलाई आग्रह गरिएको छ । यसका साथै फार्मभित्र बाहिरी व्यक्तिको आवागमन नियन्त्रण, पशुपन्छीलाई स्वच्छ वातावरण उपलब्ध गराउने र दैनिक सरसफाइलाई प्राथमिकतामा राख्ने विषयमा जोड दिइएको छ ।

जोखिमपूर्ण क्षेत्रमा रहेका दलित बस्तीहरूमा समेत जनचेतना कार्यक्रम सञ्चालन गरिएको छ, जहाँ स्थानीयलाई सामूहिक सरसफाइमा सहभागी हुन र लामखुट्टे नियन्त्रणमा प्रत्यक्ष सरोकारवाला बन्न प्रेरित गरिएको थियो ।

वीरगञ्ज महानगरपालिका मेयर राजेशमान सिंहले रोग नियन्त्रणलाई उच्च प्राथमिकतामा राखिएको उल्लेख गर्दै नियमित रूपमा औषधि छर्किने र फार्मस्तरमा सरसफाइ अनुगमनलाई तीव्रता दिइएको जानकारी दिए ।

सो अनुगमन टोलीमा पशु चिकित्सक डा. सुदिपकुमार शर्मा, वातावरण शाखाका प्रकाश ऐर र महानगर प्रहरी निरीक्षक हरि भुसाल सहभागी थिए ।



## बजारबाट सामाग्री खरिद गर्दा ध्यान दिनुपर्ने कुरा

क्रेता वा सामाग्री खरिदकर्ताले:

- बिल वा रसिदको विवरण ठीक छ कि छैन जाँच गरौं,
- सामानको नाम, मात्रा, मुल्य, मुल्य अभिवृद्धि कर (VAT) लगायत विवरण हेर्ने गरौं,
- बिलमा मिति, बिजक नम्बर र किनमेल गरिएको स्थान सही छ वा छैन जाँच गरौं,
- प्राप्त बिल वा रसिदलाई सुरक्षित राखौं,
- बिलमा व्यवसायको नाम, ठेगाना, फोन नम्बर र PAN नम्बर उल्लेखित भए/नभएको हेरौं,
- कुनैपनि वस्तु वा सेवा खरिद गरेपछि बिल/बिजक माग्ने गरौं,

बिक्रेताले:

- ग्राहकलाई सामाग्री खरिद गरेको बिल अनिवार्य रुपमा दिऔं,
- बिल बमोजिमको सामान उपलब्ध गराऔं,

सामान खरिद बिक्री गर्दा बलि अनिवार्य लिने/दिने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८